नगर कार्यपालिकाको मिति २०८०।०३।१९ गतेको बैठकको निर्णयवाट स्वीकृत

हाम्रो गुर्भाकोट

आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम

२०८०

गुर्भाकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

सुभाघाट,सुर्खेत

कर्णाली प्रदेश नेपाल

२०८०

विषयसूची

शिर्षक	पेज नं
कभर पेज	
कार्यदल	
विषय सूची	
भाग १ गुर्भाकोट नगरपालिकाको परिचय	१-३
गुर्भाकोट नगरपालिकाको इतिहास	१
भौगोलिक अवस्था	१
सामाजिक संरचना र अवस्था	१
संस्कार र संस्कृति	२
राजनैतिक प्रशासनिक विभाजन	२
आर्थिक स्थिति	२-३
क) कृषि	२
ख) नोकरी	२
ग) उद्योग एवम् व्यापार	३
घ) धार्मिक ऐतिहासिक स्थलहरू	३
ङ) शैक्षिक अवस्था	३
भाग -२ 'हाम्रो गुर्भाकोट' स्थानीय पाठ्यक्रम परिचय	४-१०
२.१ पृष्ठभूमी	४
२.२ स्थानीय पाठ्यक्रम निर्माण गर्दा अपनाइएका प्रकृया	५
२.३ गुर्भाकोट नगरपालिकाको स्थानीय पाठ्यक्रमको विशेषताहरु	६
२.४ शिक्षाका राष्ट्रिय दूरदृष्टि,लक्ष्य र उद्देश्य	६
दूरदृष्टि	६
लक्ष्य	६
उद्देश्य	६
२.५ हाम्रो गुर्भाकोट स्थानीय पाठ्यक्रम आधारभूत तह (कक्षा १-८) २०८०	७
२.६ स्थानीय पाठ्यक्रमको महत्व	८
२.७ स्थानीय पाठ्यक्रम सम्वन्धी नीतिगत व्यवस्था	८
२.८ स्थानीय पाठ्यक्रम कार्यान्वयन र मुल्याङ्कन प्रणाली	९
२.९ आधारभुत तह कक्षा १-८ को पाठ्यक्रम ढाँचा	९
भाग ३ हाम्रो गुर्भाकोट	११-७७
३.१ परिचय	११

`

३.२ आधारभुत तह कक्षा १-८ को तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धि	११
३.३ विषय वस्तु क्षेत्र र क्रम तालिका (आधारभुत तह कक्षा १-८)	१७
३.४ विषय विस्तृतिकरण	२२
३. ५ सिकाइ सहजीकरण विधी तथा प्रकृया	७१
३.६ विद्यार्थी मूल्याङ्कन प्रक्रिया	७३
३.७ आन्तरिक मूल्यांकनका सम्भाव्य बिधि र साधनहरु	७५
३.८ क्षेत्रगत उपलब्धि गणना र व्याख्या	७६
३.९ पाठ्यक्रम कार्यान्वयन प्रक्रिया	७६
अनुसूची १ पाठ्यघण्टी र अन्तिम परीक्षाका लागि अङ्क विभाजन तालिका	७७

पाठ्यक्रम निर्माण कार्यदल

सयोजक :- बासुदेव शर्मा, सामाजिक विकास समिति, संयोजक

सदस्य :- किरण वली, विद्यालय व्यवस्थापन समिति महासंघ नगर अध्यक्ष

सदस्य :- ढालबहादुर खत्री, प्रधानाध्यापक (सामुदायिक विद्यालय)

सदस्य :- खिमा पुन, शिक्षक

सदस्य :- लालबहादुर राजी, लोपोन्मुख अल्पसंख्यक सिमान्तकृत समुदाय

सदस्य :- कृष्णप्रकाश आर. सी., शिक्षक महासंघ नगर अध्यक्ष

सदस्य :- किशोर शर्मा, प्रधानाध्यापक (संस्थागत विद्यालय)

सदस्य सचिव :- पदमबहादुर वि. क., शिक्षा अधिकृत

लेखन तथा सम्पादन

- डम्वर बहादुर खत्री, उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय
- नारायण वि. क.

साझेदार संस्था :- नेपाल दलित तथा जनजाति विकास केन्द्र (कोडेड नेपाल), सुर्खेत

प्रकाशन :- गुर्भाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुभाघाट, सुर्खेत

प्रथम संस्करण २०८०

आवरण

मुद्रण

`

खण्ड-१

गुर्भाकोट नगरपालिकाको परिचय

गुर्भाकोट नगरपालिकाको इतिहास

नेपालको अत्यन्तै सुन्दर प्रदेश कर्णाली प्रदेशको राजधानी सुर्खेत जिल्लाको वीरेन्द्रनगरदेखि करिब ४४ कि.मी. पूर्वमा रहेको गुर्भाकोट नगरपालिका स्थापनाको आधारमा तेस्रो नगरपालिका हो । वि.सं. २०७२ साल असोजमा साविकका दहचौर, गुमी, घुमखहरे र मेहेलकुना गाउँ विकास समितिहरुलाई मिलाएर शुभाघाट गंगामाला नगरपालिका नामाकरण गरिएकोमा यस नगरपालिकालाई पुन: साविकका सहारे, मालारानी र धारापानी गाउँ विकास समितिहरुलाई समेटेर मिति २०७३ कार्तिक १९ गतेको प्राविधिक समितिको निर्णयअनुसार वि.सं. २०७३ फाल्गुण २७ गते घोषणा भएबमोजिम शुभाघाट गंगामालाको नाम परिवर्तन गरी १४ वटा वडाहरु कायम गरी सो समितिको सिफारिस अनुसार यस नगरपालिकाको नाम यस क्षेत्रको ऐतिहासिक महत्व बोकेको ठाउँको नामबाट गुर्भाकोट नगरपालिका रहन गएको हो ।

भौगोलिक अवस्था

महाभारत श्रृंखलादेखि दक्षिण र चुरे पर्वत क्षेत्रदेखि उत्तरमा रहेको गुर्भाकोट नगरपालिका विश्व मानचित्रमा अक्षांश २८.५३' उत्तरसम्म र देशान्तर ८१.८१' देखि ८१.९९' पूर्वसम्म फैलिएको छ । गुर्भाकोट नगरपालिकाको क्षेत्रफल २२८.६० वर्ग किलोमिटर रहेको छ । समुन्द्र सतह देखि ४५० मि. समथर फाँट देखि करिव २३०० मि. उचाईमा रहेको भोटेचुली (गुमीचुली) सम्मको सतह गुर्भाकोट नगरपालिका भित्र पर्दछ । गुर्भाकोट नगरपालिकाको उत्तर पश्चिम तर्फ लेकवेशी नगरपालिका, पश्चिममा भेरीगंगा नगरपालिका, दक्षिणमा सल्यान जिल्लाको कालिमाटी गाउँपालिका र पूर्वमा सल्यान जिल्लाकै बनगाड कुपिण्डे नगरपालिका र सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका पर्दछन् ।

भू-धरातलीय हिसाबले उत्तर र पूर्वदेखि दक्षिण र पश्चिम तर्फ ओरालो हुदै भएको यस नगरपालिकाका १४ वटा वडाहरु मध्ये ७, ८ र १३ वडा समथर छन् भने २, ४, ६, ९, १०, ११, १२ र १४ वडाहरु भौगोलिक रुपमा आंशिक विकट छन् । बाँकि १, ३ र ५ गरी ३ वटा वडाहरु अन्य वडाहरुको तुलनामा विकट छन् । गुर्भाकोट नगरपालिकाको हावापानी समशितोष्ण किसिमको भएता पनि उच्च भूभागमा हिउँदमा अत्यन्तै जाडो हुने गर्दछ भने भेरी नदीको किनारमा हिउँदमा बाक्लो कुहिरो लागेर चिसो हुने र गर्मीमा असाध्यै गर्मी हुने गर्दछ ।

सामाजिक संरचना र अवस्था

गुर्भाकोट नगरपालिका विभिन्न जातजातिहरुको संगम स्थलको रुपमा रहेको छ । यहाँ बसोबास गर्ने जातिहरु ब्राम्हण, क्षेत्री, गुरुङ्ग, मगर, कामी, दमाई, सार्की, सुनार, बादी, राजी, बोटे, ठकुरी आदि रहेका छन् । अन्य जातिहरुको तुलनामा मगर र दलितको बाहुल्यता रहेको यस नगरपालिकामा २०७८ को जनगणना अनुसार कुल जनसंख्या ४८,२१६ रहेको छ जसमध्ये महिला २६,०३३ (५४.३३%) र पुरुष २२,१८३ (४६%) रहेका छन्। यस नगरपालिकाको साक्षरता दर ८२.८ % रहेको छ जसमा महिलाहरुको साक्षरता दर ७७.६% रहेको छ भने पुरुषहरुको साक्षरता दर ८९.१% रहेको छ । अपाङ्गता भएका व्यक्तिहरु ३.२ प्रतिशत छन् जसमध्ये महिलाहरु २.९ प्रतिशत र पुरुष ३.६ प्रतिशत रहेको देखिन्छ । गुर्भाकोट नगरपालिकामा अधिकांश मानिसहरुले हिन्दु धर्म मान्दछन् भने केही मानिसहरुले इसाई तथा वौद्ध धर्म पनि मान्दछन् । हिन्दु धर्म मान्ने मानिसहरु कोही मन्दिरमा गएर, कोही घरमै तुल्सीको मठ, भगवानको तस्विर, मूर्तिलाई पूजापाठ गर्दछन् । अधिकांश मानिसहरुले देउती बज्यैलाई धुमधामले पूजाआजा गर्दछन् भने इसाई धर्मालम्वीहरुले शनिवार चर्चमा भेला भएर यशुको प्रार्थना गर्दछन् ।

संस्कार र संस्कृति

गुर्भाकोट नगर क्षेत्रका हिन्दु धर्मालम्वीहरुले दशै, तिहार, माघे सक्रान्ति, फागु पूर्णिमा, चैते दशै, तिज, पञ्चमी, जन्माष्ठमी, शिवरात्री, साउने सक्रान्ती, बसन्त पञ्चमी, नाग पञ्चमी, जनै पूर्णिमा, ल्होसार पर्व र इसाई धर्मालम्वीहरुले क्रिसमस डे लाई धुमधामका साथ मनाउदछन् । मारुनी नाच, गर्रा नाच, पैसेरी नाच, लाठी नाच, झ्याउरे नाच तथा लोक नृत्य यस नगर क्षेत्रका प्रमुख नृत्यहरु हुन् भने यस क्षेत्रमा शुभाघाटको जात्रा, खरिगैराको जात्रा, सैंयाको जात्रा, बोटेचौरको जात्रा, आदि प्रमुख जात्राहरु हुन् । परम्परागत भेषभूषाको रुपमा महिलाले गुन्यु चोली, पुरुषले दौरा सुरुवाल, कोट, टोपी लगाउने गरेता पनि अधिकांश ठाउँमा शहरिया भेषभूषाको प्रभाव बढ्न थालेको छ । खानामा दाल भात, रोटी, तरकारी, दही, घ्यू, ढिडो, माछा, मासु प्रमुख छन् । यस नगर क्षेत्रमा जन्म, मृत्यु, विहावारी आदिमा धार्मिक तथा सामाजिक परम्परा अनुसार कार्य गर्ने गरिन्छ ।

राजनैतिक प्रशासनिक विभाजन

कर्णाली प्रदेश, सुर्खेत जिल्लादेखि पूर्व क्षेत्रमा अवस्थित जिल्लाको जनसंख्याको आधारमा दोस्रो नगरपालिका हो । वि. स. २०७२ असोजमा साविकका दहचौर, गुमी, घुमखहरे र मेहेलकुना गाउँ विकास समितिहरुलाई मिलाएर तत्कालिन शुभाघाट गंगामाला नगरपालिका बेनेको थियो भने यसमा साविकका सहारे, मालारानी र धारापानी गाउँ विकास समितिहरुलाई थप गरी पुनः वि. स. २०७३ फागुन २७ गते गुर्भाकोट नगरपालिका घोषणा भएको हो । ऐतिहासिक बाइसे राज्यको रुपमा रहेको गुर्भाकोटवाट नागरपालिकाको नामाकरण गरिएको हो । प्रारम्भमा सो भुभाग सल्यान जिल्लामा रहेको भएता पनि यो क्षेत्र वि. सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्ला विभाजन पछि सुर्खेत जिल्लामा गाभिन पुगेको हो । यस नगरपालिकाको पूर्वमा सिम्ता गाउँपालिका र सल्यान जिल्ला, पश्चिममा भेरीगंगा नगरपालिका ,दक्षिणमा सल्यान जिल्ला र उत्तरमा लेकवेशी नगरपालिका रहेका छन् ।

आर्थिक स्थिति

क) कृषि

गुर्भाकोट नगरक्षेत्रको प्रमुख पेशा कृषि हो त्यसैले अधिकांश नगरवासीहरुले खेतीपातीको काम, पशुपालन, आदि पेशा अंगालेका छन् । यहाँको वालीहरुमा धान, गहुँ, मकै, कोदो, जौ, तोरी आदि हुन भने पशुपालनमा गाई, भैंसी, भेडा, बाखा, वंगुर, सुगुर आदि रहेका छन् । त्यस्तैगरी कुखुरापालन, मौरीपालन पनि व्यवसायको रुपमा राम्रै फस्टाएको देखिन्छ । भेरी नदी, गोचे खोला, खैरेनीखोला, बेतेनी खोला, सिमखोला आदि सिंचाइका मुख्य स्रोतका रुपमा रहेका छन् । भेरी नदीको पानीलाई लिफ्ट प्रविधिबाट किनाराका जमिन सिंचाई गर्न थालेको पनि २ वर्ष भएको छ भने अन्य खोलाहरुबाट कूलो स्तरोन्नती गरी सिंचाईको व्यवस्था गरिएको र किसानहरुले तरकारी खेती व्यवसायको रुपमा गरेका छन् जसको कारण गुर्भाकोट नगरपालिका तरकारी जन्य वस्तुमा आत्मनिर्भर भएता पनि सबै वडाहरुमा पर्याप्त मात्रामा सिंचाई हुन नसकेर अधिकांश फाँटहरु हिउँद तथा वर्षामा समेत आकासे पानीको भर पर्नुपरेको र सुख्खा अवस्था रहेको देखिन्छ । यहाँका अधिकांश किसानहरुले परम्परागत कृषिका सामग्री प्रयोग गर्नुको साथ साथै उनीहरुको जग्गा जमिन अपर्याप्त भएकाले जीवन निर्वाह गर्न समेत मुस्किल परेको छ ।

ख) नोकरी

गुर्भाकोट नगरपालिकामा कृषि पछिको दोस्रो प्रमुख पेशाका रुपमा वैदेशिक रोजगार रहेको छ । धेरैजसो युवा तथा वयस्क पुरुषहरु र केही महिलाहरु वैदेशिक रोजगार अन्तर्गत खाडीमुलुक र समुन्द्र पारका मुलुकहरुमा जाने गर्दछन्

भने अधिकांश मानिसहरु भारतमा नोकरी तथा ज्यालादारी काम गरी कमाई गरेर आफ्नो जीवन निर्वाह गरिरहेका छन् । चाडपर्व मनाउँदा वा खेतीपाती गर्दा घरमा आउने र अन्य समयमा सपरिवार भारतमा कामको खोजीमा जाने संख्या पनि गुर्भाकोट नगरपालिकामा अत्याधिक मात्रामा रहेको छ । त्यस पछि तेस्रो पेशाको रुपमा नोकरी पर्दछ । यहाँका मानिसहरु नेपाली सेना, भारतीय सेना, नेपाल प्रहरी सेवा, शिक्षण सेवा तथा केही मात्रामा निजामती सेवामा रहेका छन् । यस नगरपालिकाका वासिन्दाहरु मौसमी रोजगारीको लागि छिमेकी देश भारत जाने गर्दछन् ।

ग) उद्योग एवम् व्यापार

गुर्भाकोट नगरपालिका क्षेत्रमा उद्योग सञ्चालनका लागि श्रोत साधन केही मात्रामा उपलब्ध भएता पनि ठूला तथा मझौला उद्योगहरु स्थापना भएका छैनन् । सामान्यतया साना तथा घरेलु कुटिर उद्योगहरु सञ्चालन गरी केही परम्परागत वस्तुहरु उत्पादन गर्ने र स्थानीय स्तरमा ठूला साना विभिन्न प्रकारका पसलहरु खोलेर आय आर्जनमा टेवा पुर्याएको देखिन्छ । यस नगरपालिकाका प्रमुख व्यापारिक केन्द्रहरु वोटेचौर, मेहेलकुना, कृष्णनगर, शिवनगर, गैरीबजार, खरीगैरा, वडाखोली, भेडावारी, पोखरे आदि आर्थिक केन्द्रका रुपमा रहेका छन् ।

कुनै पनि ठाउँको विकासको लागि उपलव्ध विकासका पूर्वाधारहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यहाँको विकासको पूर्वाधारको रुपमा वनजंगल, खोलानाला, खानेपानी, विद्युत, सञ्चार, सडक, स्वास्थ्य सेवा तथा विद्यालय आदि रहेका छन् । वनजंगलबाट जडिवुटी, फर्निचर तथा अन्य निर्माणका लागि आवश्यक काठहरु प्राप्त गर्न सकिन्छ । खोलानालाबाट आवश्यक ढुङ्गा, गिट्टी, वालुवा, सिचाई र पानी प्राप्त गर्न सकिन्छ भने सडकहरुमा गाडिहरुवाट सामान ढुवानी तथा आवतजावत गर्न सजिलो भएको छ । यस्तै गरी शहरी स्वास्थ्य केन्द्र तथा स्थानीय स्तरमा सञ्चालित मेडिकल तथा एग्रोभेटहरुले मानिस तथा चौपाया, पंक्षी आदिको स्वास्थ्य सुधारमा टेवा पुर्याईरहेका छन् भने स्नातक र स्नातकोत्तर तह सम्मको शिक्षा प्रदान गर्ने १।१ वटा क्याम्पसहरु पनि सञ्चालित छन् । गुर्भाकोट नगरपालिकामा मुख्य सडक संजालको कार्यलाई मुख्य प्राथमिकतामा राखेर थोरै समयमा सडक सञ्जाल गुर्भाकोट नगरपालिकाको सबै वडामा जोडिईसकेको छ । यस नगरपालिकालाई छिन्चु जाजरकोट सडक, मदनभण्डारी राजमार्ग, सुर्खेत दाङ सडक लगायतका राष्ट्रिय राजमार्गहरुले छोएका छन् भने सहायक मार्गहररुको रुपमा गुर्भाकोटका विभिन्न वडाका सडकहरु रहेका छन् ।

धार्मिक ऐतिहासिक स्थलहरू

यस नगरपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्र वा स्थलहरुमा भोटेचुली, जुरीचूला, देउतीबज्यै मन्दिर, खटाङ्गक्षेत्र, मालारानी गुफा, धारापानी गुफा, राम्रीकाँडाको दह हुन् भने दुर्बिनडाँडा, सैयाताल, फलाटे स्मारक र कोट सहायक पर्यटकीय स्थलहरु हुन् । भेरी नदी, गोचे खोला, सिमखोला, कुर्मीखोला, बेतेनीखोला, आदि यस नगरपालिकाको मुख्य जलस्रोतका रुपमा रहेका छन् ।

शैक्षिक अवस्था

गुर्भाकोट नगरपालिकामा ७५ वटा सामुदायिक र १३ वटा संस्थागत विद्यालय गरी जम्मा ८८ वटा विद्यालयहरु रहेका छन् भने २ वटा क्याम्पसहरु, ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु कृयाशिल रहदै आएका छन् । यस नगरपालिकाको शैक्षिक विकासका लागि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

खण्ड -२

'हाम्रो गुर्भाकोट' स्थानीय पाठ्यक्रम २०८०

२.१ पृष्ठभूमी

पाठ्यक्रम शैक्षिक कार्यक्रमको व्यापक योजना हो । यो शैक्षिक कार्यक्रमको मार्गचित्र हो, त्यसै गरी सिकाइका समग्र पक्षको योजनागत रुपरेखा समेटिएको खाका (Frame work) हो । यो शैक्षिक कार्यक्रम सञ्चालन गर्ने मेरुदण्ड हो । त्यसैले यो शिक्षा प्रणाली सञ्चालनका लागि अति महत्वपूर्ण मार्गदर्शक दस्तावेज हो । यसले शैक्षिक कार्यक्रमलाई संगठित र योजनावद्ध ढंगले अपेक्षित उपलब्धि प्राप्ति गराउन सहयोग गर्ने माध्यम हो । एकातिर पाठ्यक्रमले समाजका आवश्यकता, साधन श्रोतलाई अधिक्तम उपयोग गर्ने पक्षमा जोड दिन्छ भने अर्को तर्फ सिकारुका रुची, आवश्यकता र अनुभवहरुलाई आत्मसात गरिएको हुन्छ ।

पाठ्यक्रमको अवधारणा शिक्षा विद वविटले सर्वप्रथम सन् १९१८ मा ल्याएका थिए, पछि मीलले १९७२ देखि पाठ्यक्रमका बारेमा विचार विमर्श गर्दै थुप्रै कृतिहरु प्रकाशित गरे तथापी पाठ्यक्रम विकास भने बिसौ सताव्दी देखि मात्र भएको पाइन्छ । त्यति वेला देखि पाठ्यक्रमलाई सिकारुको सिकाइ प्रक्रियाका लागि धावनमार्गका रुपमा अर्थ्याउन थालियो र Curricuum is a runway on which one runs to reach a goal का रुपमा धारणा व्यक्त गरे । (वेलवास र अन्य २०७५ पृ .२)। सूरु सुरुमा पाठ्यक्रमलाई सिकाइने विषयवस्तु समेटिएको विषयवस्तुको क्रमका रुपमा अर्थ्याइएको भएता पनि पछिल्ला दिनहरुमा पाठ्यक्रम वृहत सिकाइको योजना एवम् शिक्षाको योजना पुरा गर्न विद्यालय भित्र वा बाहिर संगठित रुपमा गरीने सम्पूर्ण शैक्षिक कार्यक्रम मानिन थालियो । यसरी शैक्षिक कार्यक्रमलाई समेटिएको पाठ्यक्रमलाई उद्देश्य, विषयवस्तु, सिकाइ रणनीति तथा मूल्याङ्कन प्रणाली समेटिएको दस्तावेज ठानियो ।

नेपालको सन्दर्भमा पाठ्यक्रम व्यवस्थित, योजना वद्ध कार्यक्रमका रुपमा लागू गर्ने प्रयास वि. सं. २००७ साल पछि गठित विभिन्न आयोग तथा समितिहरुले गरेको भए पनि व्यवस्थित रुपमा पाठ्यक्रमको मर्मअनुसार पाठ्यक्रम निर्माण र कार्यान्वयन भने राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ देखि सुरु भएको देखिन्छ । आज राष्ट्रियस्तरमा विद्यालयहरुको पाठ्यक्रम निर्माण सम्वन्धमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ देखि २०७६ को प्रारुपले राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तुलाई समेटेर स्थानीय आवश्यकतामा आधारित स्थानीय महत्वको विषयवस्तु राखेर स्थानीय पाठ्यक्रम निर्माण गर्ने स्वायक्तता स्थानीय निकाय र विद्यालयहरुलाई दिईएको छ । स्थानीय आवश्यकता, परिवेश तथा स्थानीय साधनश्रोतका आधारमा स्थानीय सरोकारवालाहरुको सक्रिय सहभागितामा निर्माण गरी कार्यान्वयनमा ल्याउने स्थानीय पाठ्यक्रमको महत्वलाई ध्यान दिदै स्थानीय ज्ञान, सिप र प्रविधिलाई आधुनिकिकरण गर्ने, संरक्षण र विकास गर्ने गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न स्थानीय पाठ्यक्रम निर्देशिका २०७६ जारी गरिएको छ । सोही निर्देशिकाको आधारमा गुर्भाकोट नगरपालिकाले पनि स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न हाम्रो गुर्भाकोट पाठ्यक्रम निर्माण गरी कार्यान्यवन गर्न खोजिएको छ । उक्त पाठ्यक्रम राष्ट्रीय पाठ्यक्रम प्रारुप २०७६ ले तय गरेका उद्देश्य अनुरुप आधारभूत तहको कक्षा १ देखि ३ सम्म पाठ्यघण्टा ५ तथा बार्षिक कार्यघण्टा १६० र कक्षा ४ देखी ८ सम्म पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ तोकेर स्थानीय पाठ्क्रम निर्माण गरिएको छ ।

नेपालमा शिक्षा विकासको सन्दर्भ कोट्याउदा योजनावद्ध र व्यवस्थित शिक्षा प्रणाली राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ देखि सुरु भई र विधिवत रुपले पाठ्यक्रम निर्माण र कार्यान्वयनको सुरुवात भएको हो । मुलुकको राजनैतिक व्यवस्था अनुकूलका शिक्षाका राष्ट्रिय उद्देश्य एवम् कक्षागत र विषयगत उद्देश्य कायम गरी समसामयिक रुपमा शिक्षा व्यवस्थाको गतिशीलता हुँदै आएको हो । हालका वर्षहरुमा केही अंश स्थानीय पाठ्यक्रमलाई छुट्याएर विद्यालयतहको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने नीतिगत व्यवस्था गरिए अनुसार यस नगरपालिकाले २०७९ चैत्र २१ गते सरोकारवालाहरुसंग व्यापक छलफल गरी स्थानीय पाठ्क्रमका विषयवस्तुका लागि सुझाव सङ्कलन गर्नुका साथै स्थानीय

पाठ्यक्रम निर्माणका लागि ८ सदस्यीय कार्यदल गठन गरी सो कार्यदल मार्फत स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया सम्पन्न गरिएको छ ।

२.२ स्थानीय पाठ्यक्रम निर्माण गर्दा अपनाईएका प्रक्रिया

नेपालको संविधान २०७२ द्वारा पद्दत अधिकार र शिक्षाको राष्ट्रिय उद्देश्यको आधारमा स्थानीय सरोकारवालाहरुको सक्रिय सहभागितामा स्थानीय श्रोत साधन र सम्भावनाको खोजी गरी स्थानीय संस्कृती, भाषा, पुरातत्व, ऐतिहाँसिक महत्वको विषयवस्तु, साँस्कृतिक, प्राकृतिक, धार्भिक, पर्यटकीय स्थल एवम् वस्तुहरुमा आधारित गुर्भाकोट नगरपालिका क्षेत्रमा पर्ने सवै विद्यालयलाई सम्वोधन हुने गरी ११ ओटा विषयगत क्षेत्र छुट्याई कक्षा १-८ का लागि स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । गुर्भाकोट नगरपालिकाको कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माणका क्रममा अवलम्वन गरिएका प्रक्रियाहरु यस प्रकार रहेका छन् ;

- गुर्भाकोट नगरपालिकाको सामाजिक विकास समितिका संयोजक श्री बासुदेव शर्भाको संयोजकत्वमा ८ सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन र पाठ्यक्रम निर्माणका लागि जिम्मेवारी बाँडफाँड गरिएको,
- स्थानीय पाठ्यक्रम निर्माणका विषयमा गुर्भाकोट नगरपालिकाको जनप्रतिनिधिहरु, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरु, स्थानीय श्रोतव्यक्ति, पाठ्क्रमका विषयका स्थानीय जानकार सरोकारवालाहरुलाई अभिमुखिकरण गरिएको,
- सरोकारवालाहरुको विचमा खुला छलफल गरी स्थानीय पाठ्यक्रममा समेटिनु पर्ने विषयहरुको पहिचान र प्राथमिकीकरण गरिएको,
- स्थानीय पाठ्यक्रमका विषयवस्तु निर्धारणका लागि स्थानीय सरोकारवालाहरुसंग अन्तरवार्ता र लघु समूह छलफल गरिएको,
- अभिमूखीकरणका सहभागीहरुबाट प्राप्त सुझाव, सरोकारवालाहरुबाट अन्तरवार्ता र लघु समूहछलफलका क्रममा प्राप्त सुझाव र अन्य सन्दर्भ सामाग्रीहरुको अध्ययनका आधारमा पाठ्यक्रम तथा मूल्याङ्कन विषयका उपप्राध्यापक डम्वरबहादुर खत्री र स्थानीय पाठ्यक्रम विज्ञ नारायण वि क बाट स्थानीय पाठ्यक्रमको मस्यौदा तयार गरिएको,
- तयार गरिएको स्थानीय पाठ्यक्रमको मस्यौदा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका पदाधिकारी र नगरपालिकाका अन्य जनप्रतिनिधीहरु, कर्मचारी र शिक्षा सम्वन्धि सरोकारवालाहरुका विचमा प्रस्तुतीकरण र सुझाव सङ्कलन गरी दोश्रो मस्यौदा तयार गरिएको,
- तयार गरिएको दोश्रो मस्यौदा गुर्भाकोट नगरपालिकाको सवै विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिमा र प्रधानाध्यापकहरुको वैठकमा सुझावका लागि पेश र सुझाव सङ्कलन गरी तेश्रो मस्यौदा तयार गरिएको,
- तेश्रो मस्यौदालाई कार्यदलको वैठकमा प्रस्तुत गरी सो उपर गहन रुपमा छलफल गरी प्राप्त सुझावका आधारमा स्थानीय पाठ्यक्रमलाई पूर्णता प्रदान गरी अन्तिम मस्यौदा शिक्षा समिति र कार्यपालिका पेश गरी आवश्यक छलफल सहित नगर कार्यपालिकावाट स्वीकृत गरिएको,
- गुर्भाकोट नगरपालिकाको कार्यपालिकावाट स्वीकृत गरिएको स्थानीय पाठ्यक्रमका विषयमा कक्षा १-८ का शिक्षकहरुलाई प्रवोधिकरण गरी कार्यान्वयनमा ल्याइएको ।

२.३ गुर्भाकोट नगरपालिकाको स्थानीय पाठ्यक्रमका विशेषताहरु

१. स्थानीय पाठ्यक्रमले स्थानीय माग र आवश्यकतालाई समेट्ने प्रयास गरेको,
२. मूख्य पाठ्यक्रममा नसमेटिएका विषयवस्तुलाई स्थानीय पाठ्यक्रमले समेटेको ,
३. पाठ्यक्रममा गुर्भाकोट नगरपालिकाको स्थानीय विषयवस्तु विशेषगरी स्थानीय भाषा, धार्मिक, पर्यटकीय, ऐतिहाँसिक क्षेत्रलाई उच्च प्राथमिकता दिईएको
४. पाठ्यक्रममा योग, प्राकृतिक चिकित्सा, स्वास्थ्य सरसफाई सम्वन्धि अवधारणाको विकास र प्रयोगमा केन्द्रित गर्न खोजिएको,
५. परम्परागत मूल्यमान्यता, सँस्कृति र नैतिक आचरण सम्वन्धि विषयलाई स्थानीय पाठ्क्रममा समावेश गरिएको,
६. पाठ्यक्रमका विषयवस्तुहरुको क्षेत्र र क्रम विद्यार्थीको उमेर, बालमनोविज्ञान र कक्षागत सक्षमताका आधारमा संगठित गर्न खोजिएको,
७. सरोकारवालाहररुसँगको प्रत्यक्ष छलफलबाट प्राप्त राय सुझावका आधारमा गुर्भाकोट नगरपालिकाको स्थानीय पाठ्यक्रमले निम्न लिखित क्षेत्रलाई मुख्य सिकाइको विषयवस्तु वनाएको छ ।

- मातृभाषा
- सामाजिक विविधता, ऐतिहाँसिक र साँस्कृतिक सम्पदा
- भौगोलिक, प्राकृतिक श्रोत र तिनको सदुपयोग
- फलफुल
- स्थानीय कला
- जडिवुटी तथा आयुर्वेद, योग, प्राकृतिक चिकित्सा
- स्थानीय सिप र कला
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन
- स्थानीय वजार

२.४ शिक्षाका राष्ट्रिय दुरदृष्टि, लक्ष्य र उद्देश्य

दुरदृष्टि :- "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि"

लक्ष्य : सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने ।

उद्देश्य

१. बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु ।
२. आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु ।
३. गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु ।
५. ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिबृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, बैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु ।
६. नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ।
७. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरीक तयार पार्नु ।
८. शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु ।
९. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best Practices) लाई सम्मिलन (Fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु ।
१०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु ।
११. औपचारिक (Formal), अनौपचारिक (Non-Formal) र अरीतिक (Informal) शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency), गतिशिलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु ।
१२. शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता (Sufficiency), समन्यायिकता (Equitability) र प्रतिफलमुखी (Best Value for Money) हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु ।
१३. व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु

२.५ हाम्रो गुर्भाकोट स्थानीय पाठ्यक्रम आधारभूत तह (कक्षा १-८) २०८०

स्थानीय पाठ्यक्रमको नाम :- हाम्रो गुर्भाकोट
स्थानीय पाठ्यक्रमको प्रकृति:- सैद्धान्तिक र प्रयोगात्मक
मुल्याङ्कन प्रक्रिया:- लिखित, मौखिक र प्रयोगात्मक

पाठ्यघण्टा र कार्यघण्टा

कक्षा	बार्षिक	बार्षिक
१-३	५ पाठ्यघण्टा	१६० कार्यघण्टा
४-८	४ पाठ्यघण्टा	१२८ कार्यघण्टा

नोट :- प्रति पाठ्यघण्टा भित्र ३२ कार्यघण्टा हुन्छ

२.६ स्थानीय पाठ्यक्रमको महत्व

स्थानीय पाठ्यक्रम प्रारुप २०७१ अनुसार स्थानीय पाठ्यक्रमको महत्व निम्नानुसार रहेको छ

१. स्थानीय आवश्यकताको परिपूर्ति गर्ने
२. स्थानीय श्रोत, साधन र मागमा आधारित हुने
३. स्थानीय सिप, प्रविधि र ज्ञानमा आधारित हुने
४. स्थानीय स्तरमानै सिक्ने र सिकाउने विच सहभागिता सुनिश्चित गरिने
५. पाठ्यक्रम प्रति सरोकारवालाको अपनत्व सृजना हुने
६. स्थानीय सरोकारवालाहरुको सकृय सहभागिता हुने
७. स्थानीय जनअपेक्षा सम्वोधन हुनुका साथै सवैको समावेशी सहभागिता हुने
८. स्थानीय रोजगारी र स्वरोजगारका क्षेत्रहरुले पाठ्यक्रममा स्थान प्राप्त गर्ने
९. व्यवहारिक पक्षलाई पाठ्यक्रमले जोड दिएको
१०. विद्यार्थी केन्द्रित प्रयोगात्मक विधिमा जोड दिईएको
११. शिक्षकको सक्रियता, सक्षमता र दक्षता अभिवृद्धी गरिनु

२.७ **स्थानीय पाठ्यक्रम सम्वन्धि नीतिगत व्यवस्था**

१. नेपालको संविधान, २०७२ को धारा ३१ मा शिक्षा सम्वन्धि मौलिक हक र धारा ५ मा नेपालमा वस्ने प्रत्येक समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुनेछ भन्ने व्यवस्था र धारा ५१ ज '२' मा शिक्षालाई वैज्ञानिक, व्यावसायिक, सिपमुलक रोजगारमूलक एवम् जनमूखी वनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने व्यवस्था भएकोले स्थानीय पाठ्यक्रमले स्थानीय श्रोत साधान, सिप र प्रविधिलाई हुँवहुँ उपयोग गरी व्यवहारमुलक उपयोगी जनशक्ति निर्माण गर्न प्रेरित गरेको छ ।
२. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को ज ४ मा मातृभाषामा शिक्षा दिने, विद्यालयको अनुमति, अनुगमन तथा नियमन सम्वन्धि व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयनलाई जोड दिइएको छ । साथै ऐनको दफा ११ (ज) १८ ले स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरेको छ ।
३. पन्ध्रौ पञ्चवर्षीय योजना २०६६/२०६७ देखि २०७९/०८० ले तय गरेको रणनीति भित्र मानव संसाधन, पूर्वाधार, तथा प्रविधिको विकास र जीवन उपयोगी ज्ञान, सिपमा आधारित पाठ्यक्रम मार्फत सवै तहको शिक्षाको गुणस्तर विकास गर्ने कुरा रहेकोले सो रणनीतिलाई प्रयोग योग्य वनाउन स्थानीय पाठ्यक्रम पनि अभिन्न अङ्ग वनेको छ ।
४. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित हुनु पर्ने कुराको विश्वव्यापी मान्यता प्राप्त गरेको प्रसङ्गमा हाल आएर स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन जरुरी भएको छ ।
५. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले स्थानीय आवश्यकतामा आधारित रही स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्ने, उक्त पाठ्यक्रम तयार गर्दा स्थानीय आवश्यकतामुखी, बाल केन्द्रित गराउन लचकता रहेको, स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन र परिमार्जन तथा सिकाइ उपलव्धि मापन स्थानीयतहबाट गरिने र स्वीकृति पनि स्थानीय तहबाट हुने व्यवस्था गरेको छ ।
६. विद्यालय क्षेत्र विकास कार्यक्रम २०१६-२०२२ ले पनि परम्परागत तथा स्थानीय ज्ञानको प्रयोग सिकाइमा भएको छ छैन खोजी गर्ने कुरा राखेको हुनाले पनि स्थानीय पाठ्यक्रमको आवश्यकता वोध गराएको छ ।

७. प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५ ले बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषामा नै पठन पाठन गराउने, पेशा व्यवसायमुखी, धर्म परम्परा, सँस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व आदि विषय छनौट गरी पाठ्यक्रममा राख्नु पर्ने उल्लेख गरेको छ भने सामाजिक अध्ययन, सृजनात्मक कला, शारीरिक शिक्षा विषयमा २० प्रतिशत अंश स्थानीय पाठ्यक्रम विद्यालयले वनाउने, स्थानीय विषय संस्कृत भाषा समेत राख्न पाइने उल्लेख गरिएको छ ।

८. आधारभूत तह कक्षा ६-८ मा मातृभाषा छनौट, पाठ्यक्रम निर्माण, कार्यान्वयन र पाठ्य पुस्तक तयारीमा स्थानीय निकायको परामर्शमा शैक्षिक संस्था विद्यालय आफैले गर्ने, मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम र पाठ्य सामाग्री श्रोतकेन्द्रको सहयोगमा र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैले निर्माण गर्ने व्यवस्था गरिएको

२.८ स्थानीय पाठ्यक्रम कार्यान्वयन र मूल्याङ्कन प्रणाली

स्वीकृत स्थानीय पाठ्यक्रम विद्यालयमा लागू गर्दा बालकेन्द्रित विधि प्रयोग गरी रोचक ढङ्गले अवलोकन, प्रदर्शन, खेल विधि, छलफल विधि, प्रयोगात्मक विधि, कार्यशाला विधि आदि प्रयोग गर्नुका साथै पशस्त समाग्री सङ्कलन र प्रयोग गर्नु पर्दछ साथै श्रोत शिक्षकका रुपमा स्थानीय विज्ञ, अनुभवी व्यावसायिक व्यक्तित्वहरुको प्रयोग गर्न सकिन्छ । सिकाइ सहजिकरण प्रक्रिया अनूसूचीमा राखिएको छ ।

वर्तमान पाठ्यक्रममा सवै विषयमा सिकाइ उपलब्धि मापन गर्न निर्माणात्मक र निर्णयात्मक विधि नै प्रयोग गरेको छ । तसर्थ कक्षा १-३ सम्म शतप्रतिशत आन्तरिक मूल्याङ्कन र कक्षा ४-८ मा ५०% आन्तरिक मूल्याङ्कन र ५०% आवधिक परीक्षा लिएर गर्नु पर्ने हुन्छ । निरन्तर मूल्याङ्कन (आन्तरिक मुल्याङ्कन) का लागि हरेक विद्यार्थीको तोकिएको ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियो व्यवस्थित गरी मूल्याङ्कन गर्ने परिपाटी वसाल्न पर्छ भने आवश्यकता अनुसार लिखित, मौखिक र प्रयोगात्मक परीक्षा र परियोजना कार्यको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने गर्नुपर्दछ ।

२.९ आधारभूत तह कक्षा १-८ को पाठ्यक्रम ढाँचा

कक्षा १-३

क्र स	विषय	साप्ताहिक पाठ्यघण्टा	बार्षिक कार्यघण्टा
१	नेपाली (भाषिक सिपकृयाकलाप)	५	१६०
२	अङ्ग्रेजी (भाषिक सिपकृयाकलाप)	४	१२८
३	गणित (गणितिय सिपक्रियाकलाप)	४	१२८
४	विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा	४	१२८
५	सामाजिक अध्ययन, चारित्रिक विकास र सृजनात्मक कला	४	१२८
६	मातृभाषा स्थानीय विषय	५	१६०
जम्मा		२६	८३२

कक्षा ४-५

क्र स	विषय	साप्ताहिक पाठ्यघण्टा	बार्षिक कार्यघण्टा
१	नेपाली	५	१६०
२	अङ्ग्रेजी	५	१६०
३	गणित	५	१६०
४	विज्ञान तथा प्रविधि	५	१६०
५	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	५	१६०
६	स्वास्थ्य शारीरिक तथा सृजनात्मक कला	३	९६
७	मातृभाषा स्थानीय विषय	४	१२८
	जम्मा	३२	१०२४

कक्षा ६-८

क्र स	विषय			साप्ताहिक पाठ्यघण्टा	बार्षिक कार्यघण्टा
	साधारण विद्यालय	संस्कृत,वेद विद्यालय	गोत्पा□ विहार□मदरसा		
१	नेपाली	नेपाली	नेपाली	५	१६०
२	अङ्ग्रेजी	अंग्रेजी संस्कृत रचना	अङ्ग्रेजी	५	१६०
३	गणित	गणित	गणित	५	१६०
४	विज्ञान तथा प्रविधि	विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण	विज्ञान तथा प्रविधि	५	१६०
५	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	५	१६०
६	स्वास्थ्य शारीरिक शिक्षा तथा सृजनात्मक कला	संस्कृत भाषा	स्थानीय विषय वा वौद्ध शिक्षा सम्भमोटा व्याकरण वा दिनयात आचरण शिक्षा वा करान वा अन्य	३	९६
७	मातृभाषा तथा स्थानीय विषय वा संस्कृत भाषा	वेद वा नीति शास्त्र	भोट भाषा वा पाली भाषा वा उर्दू वा अन्य भाषा	४	१२८
	जम्मा			३२	१०२४

भाग ३

हाम्रो गुर्भाकोट

३.१ परिचय

पाठ्यक्रम विद्यार्थीहरुलाई सिकाउन तयार पारिएको सिकाइको पूर्व निर्धारित योजना वा सिकाइको वृहत खाका हो, यो शैक्षिक कार्यक्रमको समग्र पक्ष समेटिएको दस्तावेज हो । यस प्रकारको सिकाइरुपी योजना सिकारुको क्षमता, उमेर, अवस्था, रुची र समाजका आवश्यकताहरुको आधारमा तयार हुने गर्दछ । खास गरी यस्तो पाठ्यक्रम राष्ट्रिय परिवेश अनुकूल शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य एवम् विषयगत उद्देश्यका आधारमा राष्ट्रिय एवम् स्थानीय स्तरबाट निर्माण गरी कार्यान्वयन गरिने प्रणाली विकसित भएको छ । स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०७६ अनुसार हाल आधारभूत तह कक्षा १-८ मा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने प्रक्रिया थालनी भएको छ ।

स्थानीय श्रोतसाधन, स्थानीय भाषा, संस्कृती, कला, सिप र पेशा व्यवसायको प्रचुर सम्भावना भएको सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिका प्राकृतिक रुपमा अति सुन्दर र प्राकृतिक श्रोत साधानले भरिपूर्ण नगरपालिका हो ।करिव २२८।६० वर्ग कि मि क्षेत्रफल रहेको यस नगरपालिकामा अपार जलश्रोतको सम्भावना वोकेको भेरी नदी यस नगरपालिबाट वगिरहेको छ । यस नगरपालिकाले कृषि, पर्यटन, पशुपालन, राफ्टिङ्ग, व्यापार, उद्योग, जडीवुटी, फलफूल जस्ता व्यवसायलाई उन्नत वनाउन सक्ने सम्भावना वोकेको छ । यस नगरपालिकाको दक्षिणतिर चुरे श्रृङ्खला भित्र रहेको समथर भु-भाग कृषीका लागि उर्वर छ भने उत्तरको महाभारत पर्वत श्रृङ्खला र दक्षिणी क्षेत्रको चुरे क्षेत्रमा रहेको वनजङ्गल, जडिवुटीले नगरपालिकालाई आर्थिक रुपमा थप सवल वनाउन सक्ने सम्भावना देखिन्छ । हिन्दु धर्मालम्वीहरुको वाहुल्यता रहेको यस नगरपालिकामा मिश्रित धर्म, भाषा, संस्कृतिका मानिसहरु बसोवास गर्छन् । राम्रीकाँडा दह, चमेरे गुफा, जुरिचुला लेक, देउती वज्यै मन्दिर, खड्कदेबी मन्दिर, भोटेचुली, गणेशढुङ्गा, दुरपिन डाँडा जस्ता पर्यटकीय सौन्दर्यता वोकेका पर्यटकीय स्थलहरुले पर्यटन विकासमा सहयोग गर्न सक्ने सम्भावना वोकेका छन् । त्यसै गरी यस नगरपालिकाको कुल जमिनको क्षेत्रफल २३८६६ हेक्टर रहेकोमा कृषीयोग्य जमिन ७११६ हेक्टर रहेकोले कृषि व्यवसायको विकास गर्न सकिने सम्भावना पनि त्यतिकै मात्रामा देखिन्छ । यस नगरपालिकाको ४७२९।४८ हेक्टर क्षेत्रफल वन क्षेत्रले ओगटेको छ ।

३.२ स्थानीय पाठ्यक्रम आधारभूत तह कक्षा १-८ को तहगत सक्षमता

३.२.१ आधारभूत तह कक्षा १-८ का विद्यार्थीहरुको तहगत सक्षमता निम्नानुसार हुने छन्;

१. गुर्भाकोट नगरपालिकाको परिचय
२. गुर्भाकोट नगरपालिका क्षेत्रमा रहेका ऐतिहाँसिक साँस्कृतिक सम्पदाको पहिचान र परिचय
३. गुर्भाकोट नगरपालिकाको साँस्कृतीक अवस्थाको पहिचान र वर्णन
४. गुर्भाकोट नगरपालिको सामाजिक विविधता पहिचान
५. अल्पसंख्यक सिमान्तकृत जाति र समुदायको पहिचान
६. मातृभाषिक समुदायको पहिचान
७. राजी, गुरुङ्ग र मगरभाषाको परिचय
८. गुर्भाकोट नगरपालिका भित्र रहेका प्राकृतिक श्रोतसाधन र कलाको पहिचान र तिनको उपयोग
९. स्थनीय सिप तथा प्रविधि र यसको अवस्था पहिचान र ती प्रविधिको नयाँढंगले प्रयोगको खोजी

१०. गुर्भाकोट नगरपालिका भित्र रहेको कृषि व्यवसायको सम्भावना पहिचान
११. गुर्भाकोट नगरपालिकाको सम्भावित आर्थिक क्षेत्रहरु र त्यसको वजारीकीरणको खोजी
१२.विपद्जोखिम न्यूनीकरण र व्यवस्थापनका उपाय पहिचान र प्रयोग

३.२.२ आधारभूत तह कक्षा १-८ को कक्षागत सिकाइ उपलब्धि

क. कक्षा १ को सिकाइ उपलब्धि

१. आफ्नो नगरपालिकाको नाम वताउन
२. आफु वसेको गाउँको नाम तथा वडा नम्वर वताउन
३. गुर्भाकोट नगरपालिकाको केन्द्रको नाम वताठन
४. आफ्नो वरपरका भाषाहरुको सूची तयार गर्न
५. आफु वसेको क्षेत्रमा रहेका पुरा धार्मिक स्थलको सूची तयार गर्न
६. आफ्ना वरपर पाइने कृषिबालीहरुको नाम वताठन
७. घरवरपर पाइने फलफूलका नाम वताउन, घरपालुवा पशुपंक्षीको नाम वताउन र कृषिऔजारको नाम वताउन
८. आफ्नो घर टोलमा मनाइने चाड पर्वको नाम वताउन
९. आफ्नो गाउँटोलमा भएका नदी, खोला, झर्ना, ताल, गुफाको नाम वताठन
१०. आफु वसेको गाउँको बजारको नाम र स्थान वताठन
११. स्थानीय जडिवुटीको नाम वताउन
१२. आफु वस्ने टोल छिमेकमा वस्ने मानिसले गर्ने काम वा व्यवसाय वताउन
१३. आफ्नो टोलमा बोलिने भाषाको नाम वताउन
१४. आफुले देखेका नाचको नाम वताउन
१५. योग सम्वन्धि सामान्य क्रियाकलाप गरी देखाठन
१६. व्यक्तिगत सुरक्षा र आत्म रक्षाको परिचय दिन र ब्यहारिक प्रयोग गर्न

ख. कक्षा २ को सिकाइ उपलब्धि

१. आफ्नो नगरपालिका भित्र रहेका वडाहरुको सङ्ख्या वताउन
२. आफ्नो नगरपालिका स्थापना मिति वताउन
३. नगरपालिकाको मुख्य पदहरुको नाम वताउन
४. नगरपालिका भित्र रहेका मुख्य स्थानीय वजारहरुको नाम वताउन
५. आफ्नो टोलमा रहेका मन्दिरहरुको नाम, वोल्ने भाषाको नाम, धर्मको नाम वताउन
६. आफ्नो वडाका मानिसले गर्ने काम र पेशा वताउन
७. वरपरका अन्नबालीका किसिम र लगाठने समय वताउन,फलफूल फुल्ने समय वताउन,घरपालुवा पशुपंक्षिको काम वताउन, तरकारीको नाम वताउन
८. आफ्नो घर छिमेकमा मनाइने चाडपर्वको नाम र चाडपर्व मनाइने महिनाको नाम वताउन
९. आफ्ना वडाका मानिसहरुले गर्ने कामको सूची तयार गर्न

१०. आफ्नो परिपरि रहेका नदी, खोला, झर्ना, ताल, गुफाको नाम वताउन
११. आफ्नो गाउँ र विद्यालय वरिपरिका जडिवुटीको नाम वताउन
१२. आफ्नो क्षेत्रमा वनजङ्गल संरक्षणको अर्थ वताउन
१३. आफ्नो टोल समुदायको नाच, गानको नाम वताउन
१४. आफ्नो वरिपरि बाढी पहिरो जाने ठाउँको नाम वताउन
१५. योग अभ्यासहरु गर्न
१६. व्यक्तिगत सुरक्षा र आत्म रक्षा हुने र नहुने ठाउँको नाम बताउन

ग. कक्षा ३ को **सिकाइ उपलब्धि**

१. नगरपालिकामा रहने सदस्य सङ्ख्या वताउन
२. वडाका जनप्रतिनिधीहरुको संख्या वताउन
३. आफ्नो वडामा भाषाको किसिम वताउन तथा कम र वढी जनसंख्या भएका जातको नाम वताउन
४. आफ्नो वरिपरि रहेका धार्मिकस्थल, पूजाआजा हुने दिन र समय वताउन
५. आफ्नो परिपरि रहेका नदी,खोला, झर्ना ,ताल, गुफाको नाम र तिनका फाइदाका बारेमा वताउन
६. आफ्नो समुदायको नाच गानको नाम र फाइदाको वारेमा वताउन
७. आफु वसेको ठाउँ र विद्यालयमा आउने अल्पसङ्ख्क सिमान्तकृत समुदायको नाम वताउन
८. आफ्नो वरिपरि रहेका जडिवुटीको नाम वताउन
९. आफ्नो वरिपरिका वनजङ्गलको नाम र स्थान वताउन
१०. आफ्नो समुदायमा भएका स्थानीय सिपहरुको नाम वताउन
११. शारीरिक व्यायामको सामान्य परिचय र फाइदाहरु वताउन
१२. आफ्नो घर परिवार तथा समुदायका मानिसहरुले गर्ने पेशा र व्यवसायको नाम वताउन
१३. आफ्नो वरपर जाने बाढी पहिरो, नदी कटान क्षेत्रको नाम वताउन
१४. व्यक्तिगत सुरक्षा र आत्मरक्षाका लागि ध्यान दिनु पर्ने कुरा वताउन

घ. कक्षा ४ को **सिकाइ उपलब्धि**

१. नगरपालिकाको मुख्य ठाउँ तथा केन्द्रको नाम वताउन
२. नगरपालिका र वडातहका जनप्रतिनिधीहरुको पदावधि वताउन र तिनीहरुको मुख्य काम वताउन
३. आफ्नो पालिका भित्र वोलिने भाषाको नाम तथा प्रकार वताउन
४. आफ्नो समुदायमा रहेका धार्मिकस्थलको नाम, मेला र चाडपर्वको नाम वताउन
५. आफ्नो परिपरि रहेका नदी, खोला, झर्ना, ताल, गुफा रहेको क्षेत्रको नाम र तिनका विशेषता वताउन
६. समुदायको महत्वपूर्ण साँस्कृतिक क्षेत्रको नाम वताउन
७. समुदाय वरिपरि रहेका जडिवुटीको नाम र स्थानीय प्रयोग वताउन

८. आफ्ना वरपरका जङ्गल संरक्षणका उपाय र जङ्गलको फाइदा वताउन
९. योग अभ्यासको समान्य परिचय दिन
१०. स्थानीय सिप,कला र सो गर्ने मानिसको पहिचान गर्ने
११. आफ्ना वरपर कृषि तथा फलफूल खेती र पशुपंक्षी पालन हुने सम्भाव्य स्थान पहिचान गर्ने
१२. आफ्ना नजिकैको वजारमा विक्री वितरण हुने स्थानीय सामाग्रीको नाम वताउन
१३. आफ्नी समुदायले भोगेका विपद् जोखिमको किसिम र बाढी पहिरोको समान्य कारण वताउन
१४. योग अभ्यासको समान्य नियम वताउन
१५. व्यक्तिगत सुरक्षा र आत्मरक्षा गर्ने तरिका र समुदायस्तरमा गरिएका प्रयासहरुको प्रयोग

ङ. कक्षा ५ को **सिकाइ उपलब्धि**

१. आफ्नो नगरपालिकालाई जिल्लाको नक्सामा देखाउन सक्नु
२. आफ्नो नगरपालिकाको मुख्य वजारको नाम उल्लेख गर्ने
३. आफ्नो समुदाय र विद्यालय र नगरपालिका भित्र वोलिने स्थानीय मातृभाषाको नाम सङ्ख्या उल्लेख गर्ने
४. नगरपालिका क्षेत्रमा भएका मुख्य मन्दिरको नाम, पूजा संस्कृतिको परिचय दिन
५. आफ्नो नगरपालिकामा रहेका पर्यटकीय क्षेत्र नदी, खोला, झर्ना, ताल, गुफा र दह क्षेत्रको अवस्थिति पत्ता लगाउने
६. आफ्नो नगरपालिका क्षेत्र भित्र रहेका अल्पसंख्यक सिमान्तकृत समुदाय र उनीहरुको भाषाको बारेमा उल्लेख गर्ने
७. स्थानीय जडिवुटीको र यिनको प्रयोगबारे वताउन
८. आफ्ना वरपरका जङ्गल संरक्षणमा व्यक्ति र समुदायको भूमिका वताउन
९. स्थानीय परम्परागत कला र सिपको पहिचान सहित तिनको संरक्षणका उपायको ब्यवहारिक प्रयोग गर्ने
१०. आफ्ना छिमेकी तथा समुदायका पेशा व्यवसाय पहिचान गर्ने
११. सामान्य योगका प्रकार र योग गर्ने समयबारे उल्लेख गर्ने
१२. स्थानीय वजारको महत्व वताउन
१३. फलफूल,पशुपालन र कृषिक्षेत्रको पहिचान गर्ने
१४. विपद् जोखिमको कारण र त्यसबाट वच्ने उपायका वारेमा वताउन
१५. आत्मरक्षा र व्यक्तिगत सुरक्षाका लागि शारीरिक प्रतिरोध गर्नका लागि सामान्य शारीरिक सिप सँग सम्बन्धित अभ्यास

च. कक्षा ६ को **सिकाइ उपलब्धि**

१. गुर्भाकोट नगरपालिकाको भौगोलिक अवस्थाबारे उल्लेख गर्ने
२. गुर्भाकोट नगरपालिकाको संरचनाबारे उल्लेख गर्ने

३. गुर्भाकोट नगर भित्र वोलिने राजी, मगर र गुरुङ्ग भाषाको क्षेत्र पहिचान गर्ने
४. आफ्नो नगरपालिकामा रहेका पर्यटकीय क्षेत्र मन्दिर, नदी, खोला, झर्ना, ताल,गुफा र दह रहेको ठाउँको पहिचान गर्ने
५. गुर्भाकोट नगरपालिका भित्र मनाइने चाडपर्वका किसिम र नाचगानको नाम तथा बिशेषता वताउन
६. आफ्नो नगरपालिका क्षेत्र भित्र रहेका अल्पसंख्यक सिमान्तकृत समुदाय, उनीहरुको भाषा र वसाई स्थानबारे उल्लेख गर्ने
७. स्थानीय जडिवुटीको नाम र यिनको प्रयोगबारे वताउन
८. नगरपालिकामा भएका वनको प्रकार र संख्या , वृक्षा रोपणका तरिका,फोहर ब्यबस्थापनका तरिका र प्रदुषणबाट बच्ने उपायहरु उल्लेख गर्ने
९. योगासनको परिचय र महत्वबारे उल्लेख गर्ने
१०. आफ्नो समुदाय तथा सेरोफेरोमा रेहेका स्थानीय सिपको प्रयोग र आर्थिक रुपमा पारेको प्रभाव वारे वताउन
११. कृषि तथा फलफूल व्यवसायबाट आम्दानी वढाएका घरपरिवार र समुदाय र सम्भाव्य क्षेत्र पहिचान गर्ने
१२. स्थानीय वजारमा विक्रिवितरण हुने स्थानीय उत्पादनको पहिचान गर्ने
१३. विपद् जोखिम क्षेत्रको पहिचान र त्यसबाट वच्ने उपाएका वारेमा उल्लेख गर्ने
१४. व्यक्तिगत सुरक्षा र आत्म रक्षाका लागि पौडी खेल्ने, लठ्ठी खेल्ने, रुख चढ्ने अभ्यास

छ. कक्षा ७ को **सिकाइ उपलब्धि**

१. गुर्भाकोट नगरपालिका र वडाको काम, कर्तव्य बारे उल्लेख गर्ने
२. नगरपालिका क्षेत्र भित्र रहेका अल्पसंख्यक सिमान्तकृत समुदायका समस्याहरु पहिचान गर्ने
३. नगरक्षेत्रका धार्मिक क्षेत्रहरु, पर्यटकीय क्षेत्रहरुको संरक्षण र विकासका उपायहरुबारे उल्लेख गर्ने
४. गुर्भाकोट नगरपालिका भित्र मनाइने चाडपर्व, नाचगान सहित बाजाको संरक्षणका उपायबारे उल्लेख गर्ने
५. नगरपालिका भित्र रहेका नदी नाला, खोला, झर्ना, ताल, गुफा र दहको संरक्षण र उपयोग वारे उल्लेख गर्ने
६. नगरक्षेत्रमा रहेका जडीवुटीको संरक्षण र प्रयोगको तरिका बारे उल्लेख गर्ने
७. स्थानीय कला, सिपको पहिचान, प्रचारप्रसार र संरक्षणको उपाय उल्लेख गर्ने
८. नगरक्षेत्रका वन जङ्गलको फाइदा र संरक्षणबारे उल्लेख गर्ने
९. आधारभूत योग अभ्यासका नियम तथा क्रियाकलाप अवलम्वन गर्ने
१०. गाई भैसी, बाख्रा, कुखुरा, वंगुर, माछा पालनमा ध्यान दिनु पर्ने कुरा, लाग्ने रोग र उपचारका उपाय वताउन
११. स्थानीय वजारको उपयोग र वजारको माग अनुसार सामाग्री संकलन गर्ने उपाय वताउन सक्न
१२. विपद् जोखिम प्रभावित क्षेत्रमा जोखिम न्यूनिकरणका तरिकाहरुबार उल्लेख गर्ने
१३. व्यक्तिगत सुरक्षा र आत्मरक्षाका सन्दर्भमा भएका कानूनी प्रावधानबारे उल्लेख गर्ने

ज. कक्षा ८ को **सिकाइ उपलब्धि**

१. गुर्भाकोट नगरपालिका भौगोलिक अवस्थिति, वनावट र जनसङ्ख्याबारे उल्लेख गर्ने
२. नगरपालिका क्षेत्र भित्र रहेका अल्पसंख्यक सिमान्तकृत समुदायका ऐतिहासिक पृष्ठभूमिका वारेमा उल्लेख गर्ने
३. नगरक्षेत्रका धार्मिक क्षेत्रहरु मन्दिर, चर्च , पर्यटकीय क्षेत्रहरु नदीनाला ,खोला, झर्ना, ताल,गुफा र दहको संरक्षण र विकासका उपायहरुबारे उल्लेख र प्रयोग गर्ने
४. स्थानीय कला, सिप, नाच र बाजाको संरक्षण र तिनको पुस्तान्तरणको वारेमा उल्लेख गर्ने
५. स्थानीय नदीनाला, खोला, झर्ना,ताल,गुफा र दहहरुको उपयोग गर्ने तरिकाबारे उल्लेख र प्रयोग गर्ने
६. नगरक्षेत्रमा रहेका जडिवुटीको संरक्षण ,संकलन र वजारीकरणका तरिका बारे उल्लेख र अवलम्वन गर्ने
७. स्थानीय कृषिउत्पादन, जडिवुटी उत्पादन र तिनीहरुको सङ्कलन सहित भण्डारणको उपायबारे उल्लेख र प्रयोग गर्ने
८. स्थानीय फलफूल रोप्ने, गोडमेल गर्ने तथा संरक्षण र तिनका लागि उपयुक्त हावापानीको पहिचान गर्ने
९. नगरक्षेत्रका वन जङ्गलको सदुपयोग, वृक्षारोपण तथा सरसफाइको तरिकाबारे उल्लेख गर्ने
१०. स्थानीय सिपहस्तान्त्रणका तरिका र उत्पादनलाई वजार सँग समन्वय गर्ने, हाटवजार लगाउने र उचित समयमा विक्री वितरण गर्ने तरिकाबारे जानकारी र उपयोग गर्ने
११. योग नियम पालना र योग अभ्यास गर्ने सामान्य नियम वताउन र प्रयोग गर्ने
१२. स्थानीय क्षेत्रमा हुने सम्भाव्य विपद् जोखिमको न्यूनिकरण र व्यवस्थापनको तरिकाहरुबारे उल्लेख गर्ने
१३. व्यक्तिगत सुरक्षा र आत्म रक्षाका लागि सरकार,नागरीक र सरकारी र गैरसरकारी सामाजिक संघसंस्थाको भूमिकावारे वताउन

३.३ विषयवस्तुको क्षेत्र र क्रम तालिका (आधारभूत तह कक्षा १-८)

क्र सं	बिषय क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५	कक्षा ६	कक्षा ७	कक्षा ८
१	गुर्भाकोट नगरपालिका सेरोफेरो	नगरपालिकको नाम, आफ्नो गाउँ, वडाको नाम	वडाको संख्या र स्थापना, नगरप्रमुख र उप प्रमुखको नाम	नगरपालिका को जम्मा सदस्य र वडाका सदस्यहरुको संख्या	नगरपालिकाको सदस्यहरुको पदावधि, नगरभित्रका मुख्य मुख्य केन्द्रहरु	नगरक्षेत्र भित्रका मुख्य वजार र शहरी क्षेत्र	नगरपालिकको भौगोलिक अवस्था र बनावट	नगरपालिकाको मानिसहरुको भौगोलिक अवस्था अनुसार वस्ती काम काज, चालचलन र जातजाति	नगरक्षेत्रको प्राकृतिक वनोट अनुसार मानवीय उपयोगिता
२	हाम्रो जातजाति, धर्म भाषा र संस्कृती	आफ्नो वरपरका लोपोन्मुख अल्पसंख्यक सिमान्तकृत जातजाति, भाषाको नाम र घरमा मनाइने चाडपर्वको नाम	आफ्नो टोल छिमेकमा भएका धार्मिक स्थलहरुको नाम, आफुले मान्ने धर्म र टोल छिमेकमा वोलिने भाषाको नाम र टोलमा मनाइने चाडपर्व र	आफ्नो समुदायमा वोल्ने भाषा, धर्म र वढी तथा कम संख्या भएका जातजातिको नाम र वडाभित्र मनाउने चाडपर्व नाचगान	नगरमा भएको धार्मिक स्थल, त्यहाँ लाग्ने मेला पर्व र रमाइला चाडहरुको नाम, विभिन्न धर्म र भाषाको नाम, नाचगान, कला सिप	नगरभित्रका मुख्य धार्मिक स्थल र पूजाआजाको विधि, नगरभित्रका अल्पसंख्यक सिमान्तकृत जातजाति, भाषा धर्मको नाम, मुख्य चालचलन, चाडपर्व र गीतनाच	नगरक्षेत्रमा वोलिने राजी, मगर, गुरुङ्ग भाषाका मानिसहरु वस्ने स्थान, उनीहरुको मुख्य चालचलन, नाचगान, चाडपर्वको नाम र मनाउने तरिका	स्थानीय जातजाति, भाषाभाषीको समस्या, चालचलन र स्थानीय चाडपर्व, मेला, बाजाको संरक्षण र पूजाआजा प्रचलन विकास, स्थानीय नाच गान, सिप	लोपोन्मुख, अल्पसंख्यक, सिमान्तकृत समुदायको भाषा, प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण, पर्यटन विकास, पालिका भित्रका धार्मिक स्थलहरु, चाडपर्वको महिना

क्र सं	बिषय क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५	कक्षा ६	कक्षा ७	कक्षा ८
			नाचगानको नाम						
३	भोगोलिक, प्राकृतिक श्रोतसाधान र पर्यटकीय क्षेत्रको पहिचान, प्रयोग र प्रभाव	आफ्ना वरपरका नदी, खोलापोखरी, ताल, गुफा र डाँडाको नाम	आफ्नो वडा भित्रका नदीनाला, खोला, पोखरी, ताल, गुफा, झरना, डाँडा, लेकको नाम तथा रहेको ठाँउ	आफ्नो वडा भित्रका नदीनाला, खोला, पोखरी, ताल, गुफा, झरना, डाँडा, लेकको विशेषता	आफ्नो वडा र वियालय क्षेत्रका नदीनाला, खोला, पोखरीताल, गुफा, झरना, डाँडा, लेकको महत्व	नगरक्षेत्रका पर्यटकीय क्षेत्र नदीनाला, खोला, पोखरीताल, गुफा,झरना, डाँडा, लेकको पहिचान	नगर क्षेत्रका पर्यटकीय क्षेत्र नदीनाला, खोला, पोखरी, ताल, गुफा, झरना, डाँडा, लेकको बिशेषता	नगरका क्षेत्रका पर्यटकीय क्षेत्र नदीनाला, खोला, पोखरीताल, गुफा, झरना, डाँडा, लेकको महत्व	नगरक्षेत्रका पर्यटकीय केन्द्र र प्राकृतिक श्रोतसाधनको प्रयोग र प्रभाव
४	स्थानीय जडिवुटी पहिचान र प्रयोग आयुर्वेद र योग	जडिवुटीको अर्थ र परिचय	स्थानीय जडिवुटिको पहिचान र प्रदर्शन शारीरिक क्रियाकलाप वा अभ्यास	आफ्ना वडा भित्रका जडिवुटिको पहिचान, शारीरिक व्यायामको परिचय	वडा भित्र पाउने जडिवुटिको नाम र स्थानीय प्रयोग, योग अभ्यास परिचय	समुदाय भित्र रहेका जडिवुटिको प्रयोग र फाइदाहरु योगको प्रकार र योग समय	नगरक्षेत्र भित्रका जडीवुटीको नाम पहिचान योगको परिचय र महत्व	नगरक्षेत्र भित्रका जडीवुटीको नाम पहिचान, संरक्षण र प्रयोग, योग अभ्यासका नियम	नगरक्षेत्र भित्रका जडीवुटीको सङ्कलन, भण्डारण र बजारीकरणका तरिका सामान्य नियमको पालना, योग अभ्यास क्रियाकलाप
५	स्थानीय कला, सिप, व्यवसाय	आफ्नो परिवारका मानिसले गर्ने	आफ्नो वडा भित्रका मानिसहरुले	आफ्नो समुदायका मानिसले गर्ने	आफ्नो वडा र समुदाय भित्र सिपजानेका	स्थानीय मानिसहरुको सिपसँग	स्थानीय सिपको प्रयोग र आर्थिक	स्थानीय श्रोतमा आधारित सिपको संरक्षण र प्रचार,	स्थानीय सिपको हस्तान्तरण, सिप विकास र

क्र सं	बिषय क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५	कक्षा ६	कक्षा ७	कक्षा ८
	लगाउने र गोडमेल गर्ने तरिका वताउन			व्यवसायबारे अन्तरकृया गर्ने फोटो देखाउँदैपशुपालन व्यवसायबाट आधुनिक अर्थ आर्जनका उदाहरण बारे छलफल तथा व्याख्या गर्ने तरकारी खेती लागाईएको ठाउँको अवलोकन गराइ गोडमेल र मलजल सम्वन्धि छलफल गर्ने	पशुपालन व्यवसायबाट आयआर्जन कसरी हुन सक्छ भन्न लगाउने तरकारी बाली गोडमेल र मलजल कसरी गरीन्छ भनी प्रश्न गर्ने		

३.४.१८ विषय क्षेत्र नं ६,कृषितथा पशुपालन कक्षा (६-८)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
६	• अन्नबाली र नगदेबाली लगाउने समय र तरिका वताउन • बाली गोडमेल , संरक्षण र भित्र्याउने समय र तरिका वताउन	• अन्नबाली र नगदेबाली लगाउने समय र तरिका • बालीनाली संरक्षण र भण्डारण • स्थानीय फलफूल खेती	• पोष्टर • फोटा • चार्ट • कृषिहाते पुस्तिका	• प्रदर्शन • अवलोकन भ्रमण • स्थानीय विज्ञसंघ भेटघाट र अन्तरकृया • छलफल	• बालीका किसिम अनुसार लगाउने, भित्र्याउने समय सम्वन्धि प्रश्न सोध्ने • बाली लगाउने		११

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
	• स्थानीय फलफूल केरा, आँप, अम्वा, सुन्तला,फल्ने स्थान पहिचान गर्न • अर्गानिक बालिको बारेमा छलफल गर्न • पशुपालनका सम्भाव्यता छनौट र पहिचान गर्न	उब्जिने स्थल खोजी • पशुपालनका सम्भाव्यता छनौट र पहिचान			तरिका र भण्डारणका तरिका लेख्न लगाउने • स्थानीय स्तरमा वढी उत्पादन हुने फलफूल के के हुन भनी प्रश्न गर्ने • आफ्ना समुदायमा पाल्न सकिने पशुको नाम के हो भनी प्रश्न गर्ने • अर्गानिक तरकारी कस्तो हुन्छ भनी प्रश्न गर्ने		
७	• अन्नबाली तथा फलफूल खेतीमा प्रयोग गरीने मल, खाद्यको उदाहरण र मल राख्ने तरिका वताउन • गाई, भैसी,बाख्रा ,वंगुर, र कुखुरा को लागि आवश्यक आहाराका बारेमा वताउन • तरकारी खेतीका फाइदाहरु वताउन	• अन्नबाली र फलफूल खेती प्रवर्द्धनबारे छलफल • पशुपालन र पशु आहार • तरकारी खेती विकास र यसका पाइदाहरु	• पोष्टर • चार्ट • कृषक सहयोग डायरी •	• प्रदर्शन • छलफल • अवलोकन • अन्तरकृया	• अन्नबालीमा प्रयोग हुने मल के के छन् भनी प्रश्न गर्ने • विरुवामा मलजल गर्ने तरिका भन्न लगाउने • फलफूल खेतीका लागि कुन मल लाग्छ भनी प्रश्न गर्ने • फलफूलका		११

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
					विरुवामा मल हाल्ने तरिका वारे प्रश्न गर्ने • घरपालुवा पशुलाई के के आहारा चाहिन्छ भनी प्रश्न गर्ने • तरकारी खेतीका फाइदाहरु के के छन् भनी प्रश्न गर्ने		
८	• अन्नबाली, फलफूल र तरकारी खेती, गाई,भैसी,बाख्रा , वंगुर, र कुखुरा मा लाग्ने रोग र नियन्त्रण तथा वच्ने उपायहरु • अर्गानिक खेती पहिचान गर्न • अर्गानिक तरकारी उत्पादनको तरिका वताउन	• कृषीबालीमा लाग्ने रोग र नियन्त्रणका उपायहरु • किटनासक ओषधीको प्रयोग र असर • कृषितथा पशु पालन व्यवसाय प्रवर्द्धन • अर्गानिक तरकारी खेती	• पोष्टर • चार्ट • भिडियो • प्रयोग	• प्रदर्शन • छलफल • अवलोकन • प्रयोग	• फलफूलमा लाग्ने रोग के के हुन् भनी प्रश्न गर्ने • मकैमा लाग्ने रोग कुन हो भनी प्रश्न गर्ने • किटनाशक ओषधीको नाम भन्न लगाउने • पशुपालन व्यवसाय वृद्धी गर्ने उपाय भन्न लगाउने किटनासक ओषधी प्रयोग गर्ने तरिका भन्न लगाउने		११

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
					अर्गानिक खेती, अर्गानिक तरकार उत्पादन गर्ने तरिका भन्न लगाउने		

३.४.१९ बिषय क्षेत्र नं ७ विपद् जोखिम व्यवस्थापन कक्षा (१-३)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
१	• विपद्जोखिम हुने घर वरपरका ठाउँको नाम र विपद् को अर्थ वताउन	• विपद् जोखिमको अर्थ • के कस्ता विपद् जोखिम हुने ठाउँ	• फोटा • अवलोकन भ्रमण • मोवाइल	• फोटा देखाइ विपद् को अर्थ भनिदिने • नजिकै विपद् जोखिम हुने स्थानको अवलोकन भ्रमण गराइ विपद् जोखिम जाने ठाउँको वार्मा जानकारी दिने	• तिमीले कुनै विपद् भएको देखेका छौ भनी प्रश्न गर्ने • कुन कुन ठाउँमा विपद् जोखिम भएको थियो भनी प्रश्न गर्ने	विविधताको सम्मान र अन्तरकसाँ स्कृतिक वुझाई (S5.2)	१५
२	• विपद् जोखिम ग्रस्त क्षेत्रमा भएको क्षतिहरुको वारेमा वताउन • क्षतिग्रस्त घर, जग्गा, विद्यालय र धनजनको	• विपद्जोखिमले पुर्याएका क्षतिहरु • क्षतिग्रस्त क्षेत्रहरु	• पोष्टर • नक्सा • भिडियो •	• प्रश्नोत्तर • अवलोकन भ्रमण • छलफल • भिडियो वा फोटा प्रदर्शन	• कुन कुन ठाउँमा विपद् जोखिमले वस्तु र जग्गा जमिनमा क्षति पुर्याएको थियो भनी प्रश्न गर्ने • कहिले कुन क्षेत्रमा वढि	विविधताको सम्मान र अन्तरकसाँ स्कृतिक वुझाई (S5.2) ,	१५

	सूची गराउन				नोक्सान गरेको थियो भनी प्रश्न गर्ने	सहकार्य (S3.2	
३	• विपद् जोखिमको कारण र रोकथामको उपाय वताउन	• मानवीय कारणले हुने विपद् • प्राकृतिक कारणले हुने विपद्	• फोटा • भिडियो •	• फोटा तथा मोवाइल वा कम्प्युटको प्रयोग गरी विद्यार्थीहरुलाई मानवीय र प्राकृतिक कारणले भएका विपद् जोखिम चिनाउने • विद्यार्थीहरुलाई विपद् जोखिम न्यूनीकरणका उपायहरुको सूचि वनाउन लगाउने	• आफ्नो समुदायमा कसैले कुनै विपद् जोखिम गराएको छ भने भनत के हो र कहाँ भनी प्रश्न गर्ने • तिमिले देखेको कुनै विपद् जोखिम छ भने के हो भनी प्रश्न गर्ने • विपद् जोखिम न्यूनीकरण गर्ने कुनै ३ वटा उपाय भन्न लगाउने	सहकार्य (S3.2	१५

३.४.२० बिषय क्षेत्र नं ७ विपद् जोखिम व्यवस्थापन कक्षा (४-५)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
४	• विपद् जोखिमका समयमा गरीने मानवीय सहायता बारे वताउन • विपद् जोखिमले पुर्याएको नोक्सान वारे वताउन	• विपद् हुनु पूर्व गरीने सहयोग • विपद् हुने वित्तिकै गरीने सहयोग • विपद् भएको केही समय पछी गरीने सहयोग	• पोष्टर • भिडियो • फोटा	• पोष्टर तथा भिडियो प्रदर्शन गर्दै विद्यार्थीहरुलाई विपद् ग्रस्त क्षेत्रमा गरीने सहायताको विषयमा छलफल गर्ने • विद्यार्थीहरुलाई ३	• आफ्नो वरपर विपद् हुन नदिन कसले के सहयोग गरेको थियो भनी प्रश्न गर्ने • विपद् हुने वित्तिकै कसले के के सहयोग गरेको थियो भनी प्रश्न		१२

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
				समूहमा विभाजन गरी विपद् पूर्व, विपद् हुने वित्तिकै र विपद् भएको केही समय पछि गरिने सहायताको सूची वनाउन लगाउने • खुला छलफल मार्फत विपद् जोखिमले पारेको नोक्सानको सूची तयार गर्ने	गर्ने • विपद् भएको केही लामो समय पछि कसले के के सहयोग गरेको थियो भनी प्रश्न गर्ने • आफ्नो वरपर विपद्ले के नोक्सान गर्यो भनी प्रश्न गर्ने		
५	• विपद्जोखिम भएका मानिसहरुको मानिसहरुको अवस्था वताउन • विपद् जोखिमले निम्ताएका समस्याहरु वताउन • विपद्जोखिमले निम्ताएका समस्याहरु समाधानका लागि स्थानीय स्तरमा गरेका प्रयासहरु वताउन • वडास्तरमा विपद् जोखिम व्यवस्थापनका लागिम	• विपद् जोखिम प्रभावित मानिसहरुको अवस्था • विपद्जोखिमले निम्ताएका समस्याहरु • विपद् जोखिमबाट वच्ने उपायहरु	• नक्सा • पोष्टर • फोटा • भिडियो	• विपद् जोखिमसंग सम्वन्धित फोटा, पोष्टर र नक्सा वा भिडियो प्रदर्शन गरी विद्यार्थीहरुलाई विपद् जोखिम प्रभावित मानिसहरुको अवस्थावारे छलफल गर्ने • प्रश्नोत्तरका माध्यमबाट विपद् जोखिम प्रभाववतहरुले भोगेका समस्याहरुको सूची	• विपद् प्रभावित व्यक्तिको अवस्था कस्तो छ भनी प्रश्न गर्ने • विपद् जोखिम प्रभावित व्यक्तिका समस्याहरु के के छन् भनी प्रश्न गर्ने • विपद् जोखिमका लागि के के उपाय लगाउन सकिन्छ भनी प्रश्न गर्ने • आफ्नो वरपर कुनै विपद् जोखिम भयो भने तिमि कसलाई सम्पर्क गर्छौ भनी नाम र		१५

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
	काम गर्ने संस्थाहरु र व्यक्तिवारे वताउन			तयार गर्ने • अवलोकन भ्रमणका माध्यमबाट विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय स्तरमा गरिएका उपायहरुको सूची वनाउन लगाउने • विद्यार्थीहरुलाई खुल्ला छलफलका माध्यमबाट वडास्तरमा भएको विपद् व्यवस्थापन समिति र स्थानीय स्तरमा काम गर्ने संस्थाहरुको नाम र सम्पर्क नं सिकाउने	सम्पर्क नं भन्न लगाउने		

३.४.२१ बिषय क्षेत्र नं ७ विपद् जोखिम व्यवस्थापनकक्षा (६-८)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
६	• वडा र समुदायस्तरमा विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने निकाय र संघसंस्थाबारे वताउन • विपद्का क्षेत्रमा गरीने सहयोगको किसिमबारे वताउन	• वडा र समुदायस्तरमा विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने व्यक्ति, निकाय र संघसंस्थाहरु र वडा र समुदायस्तरमा विपद् व्यवस्थापनका लागि गरिएका सहयोगको प्रकार	• विपद् वुलेटिन • नगरपालिकाले तयार गरेको विपद् सम्वन्धि पुस्तक • सूची कार्ड • पोष्टर • फोटा	• प्रदर्शन • प्रश्नोत्तर • प्रवचन • छलफल • नगरपालिका र वडा कार्यालयमा अवलोकन भ्रमण	• विपद् व्यवस्थापनका लागि काम गर्न आफ्नो वडा र समुदायमा कुन कुन संस्था छन् भनी प्रश्न सोध्ने • कुन संस्थाले के सहयोग गर्छ भनी प्रश्न सोध्ने • विपद्का समयमा व्यक्तिहरुले के के सहयोग गर्न सक्छन भनी प्रश्न सोध्ने • विपद्का समयमा सरकारी कार्यालयले के के सहयोग गर्छन् भनी प्रश्न सोध्ने		११
७	• विपद् जोखिम न्यूनीकरण र विपद् जोखिमको क्रममा गरीने सहयोगको सूची वनाउन • जोखिम न्यूनीकरण गर्न भएका प्रयासहरु वताउन	• विपद् जोखिम न्यूनीकरण र व्यवस्थापका लागि गरिएका सहयोगहरु • विपद् जोखिमका लागि गरीने कार्यहरु	• फोटा • भिडियो	• प्रदर्शन • प्रश्नोत्तर • छलफल	• विपद् जोखिम न्यूनीकरणका उपायहरु के के हुन भनी प्रश्न सोध्ने • विपद् जोखिममा परेको व्यक्तिलाई कसरी उद्धार गरीन्छ भनी प्रश्न सोध्ने • विपद् जोखिम		११

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
					न्यूनीकरणका लागि के के काम गर्न पर्छ भनी प्रश्न सोध्ने		
८	विपद् जोखिम न्यूनीकरण र समस्या समाधान गर्न सरकारी तथा गैरसरकारी निकायको भूमिकाउल्लेख गर्न विपद् व्यवस्थापका लागि सवै तहका सरकाले गर्दै आएका कार्यहरुको उदाहरण दिन	विपद् न्यूनीकरणका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुले गरेका अभ्यासहरु विपद् जोखिमले निम्त्याएका समस्याहरु समाधानका लागि गरिएका अभ्यासहरु	फोटा पोष्टर भिडियो	प्रदर्शन छलफल भेटघाट सोधपुछ अवलोकन	• विपद् जोखिम न्यूनीकरणका लागि सरकारी निकायले गरेका कामहरु के के हुन भनी प्रश्न सोध्ने • विपद् जोखिम न्यूनीकरणका लागि गैर सरकारी निकायले गरेका कामहरु के के हुन भनी प्रश्न सोध्ने		११

३.४.२२ बिषय क्षेत्र नं ८ : समानता र सामाजिक न्याय कक्षा (१-३)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
१	• विभिन्न थरिका मानिसका परिचय दिन र मानिस सवै वरावर हुन्छन वताउन	• मानवजातिको परिचय	• फोटा • भिडीओ • चित्र	• कक्षा कोठामा भएका छात्रा र छात्र मध्यबाट दुई जनालाई अगाडो वोलाई सवैलाई यिनीहरु को हुन	• मानिस को हुन भनि प्रश्न सोध्ने	सिकाइ सिप (S1.2) , लोकतान्त्रिक, सहभागितात्मक	१०

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
				भनि प्रश्न गर्ने र मानिसको परिचय दिने • शिक्षकले आफुतर्फ हेर्न बिद्यार्थीहरुलाई मानिसका वारेमा थप प्रष्ट पार्ने		समतामूलक (S5.3)	
२	• मानिसहरु वस्ने ठाउँ र बस्तीको वारेमा वताउन	• मानिसहरु रहेका ठाउँहरु	• नक्सा • चित्र • भिडियो	• विद्यार्थीहरुलाई नक्सा , चित्र र भिडीयो देखाइ मानिसहरु वस्ने र वसिरहेको ठाउँहरु घरमा,वजारमा, विद्यालयमा आदिमा वस्छन् तर आकाशमा कोही पनि वस्दैनन् भन्ने सन्देश दिने	• आफ्नो छिमेकका मानिसहरु कहा वस्दछन् भनी प्रश्न सोध्ने • मानिसहरु कहाँ वस्दैनन् भनी प्रश्न सोध्ने	सिकाइ सिप (S1.2) , लोकतान्त्रिक, सहभागितात्मक समतामूलक(S5. 3)	१०
३	• मानिसहरुको प्रकारको बारेमा वताउन र मानिसको सिप र काम फरक हुन्छ तर जात मानिस नै हुन्छ वताउन	• रंगका आधारमा • धनका आधारमा • लिङ्गका आधारमा • उमेरका आधारमा	• चित्र • फोटा • भिडियो • सूचीकार्ड पत्र	• कक्षामा भएका विद्यार्थीहरु मध्य फरफरक थरिका विद्यार्थीलाई अगाडी वालाई सवैलाई सोध्न यिनिहरुका विचमा के कुरा एकै खालको छ र के कुरा फरक छ ? • फोटा वा चित्र वा भिडियो देखाएर मानिसका प्रकारहरु प्राकृतिक रुपमा कालो गोरो ,अग्लो होचा, सानो ठुला,महिला पुरुष मोटो पातलो हुन्छतर पनि सवैको	• तिमिले आफ्नो छिमेकमा कति कसिमका मानिसहरु देखेका छौ भनी प्रश्न सोध्ने • तिमी र आफ्नो साथिको विचमा के के कुरामा एकरुपता छ भनी प्रश्न सोध्ने	सिकाइ सिप (S1.2) , लोकतान्त्रिक, सहभागितात्मक समतामूलक(S5. 3)	१०

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
				रंग रातो हुन्छ ऽसवैले सास फेर्छन् आदि उदाहरण दिने			

३.४.२३ बिषय क्षेत्र नं ८ : समानता र सामाजिक न्याय कक्षा (४-५)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
४	• मानिसहरुले समाजमा गरेका पेशाका वारेमा वताउन • समाजका सवै मानिसहरुले गर्ने पेशालाई सम्मान गर्न वा श्रम गर्ने मानिसलाई सम्मान गर्न	• वरपरका मानिसहरुले गरीरहेका पेशाहरु • वरपर छरछिमेकामा विभिन्न पेशा गरेका मानिसहरुलाई गरेको व्यवहार	• फोटा • भिडियो • लघुकथा • चित्र	• अवलोकन • प्रश्नोत्तर • छलफल • प्रदर्शन	• आफ्नो वरपरका मानिसहरुले के के काम गर्छन् भनी प्रश्न सोध्ने • आफ्नो वरपर काम गर्ने मानिसलाई कस्तो व्यवहार गरिन्छ भनी प्रश्न सोध्ने		१०
५	• मानिसले गरेका राम्रा र नराम्रा व्यवहारहरु वताउन , • सुर्खेतका वैज्ञानिक दलवीर सिंह कामी को काम का बारेमा वताउन	• छरछिमेमा मानिसले गरेका राम्रा कामहरु • छरछिमेका मानिसले गरेका नराम्रा कामहरु • सुर्खेतका वैज्ञानिनक दलबीर सिंह कामीको योगदान	• फोटा • भिडियो • चित्र • सूचिकार्ड • जीवनी	• अवलोकन • प्रश्नोत्तर • छलफल • प्रदर्शन • बाचन	• आफ्नो वरपरका मानिसहरुले गरेका कुनै ३ वटा राम्रो काम भन्न लगाउने • आफ्नो वरपरका मानिसहरुले गरेका कुनै ३ वटा नराम्रो कामहरु भन्न लगाउने		१०

३.४.२४ बिषय क्षेत्र नं ८ : समानता र सामाजिक न्याय कक्षा (६-८)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
६	• सामाजिक समानता र न्यायका लागि समाजमा गरिएका राम्रा कामहरु वारे उल्लेख गर्न	• छरछिमेकका मानिसहरुले समानता र न्यायका लागि गरेका राम्रो कामहरु	• जीवनी • सूची तालिका • फोटा • भिडियो •	• अवलोकन • प्रश्नोत्तर • छलफल • प्रदर्शन	• आफ्नो गाउँमा सामाजिक न्याय र समानताका लागि गरिएका कुनै ३ वटा राम्रो काम भन्न लगाउने • सामाजिक न्याय र समानताको लागि गर्नु पर्ने कुनै ५ वटा काम भन्न लगाउने		१२
७	• समानता र सामाजिक न्यायका लागि भएका कानूनी व्यवस्थाहरुबारे वताउन	• सविधानका मौलिकहकमा समानता र सामाजिक न्यायका सम्वन्धमा भएको व्यवस्था • जातीय तथा अन्य सामाजिक भेदभाव र छुवाछुत विरुद्धको ऐन २०६८मा भएको व्यवस्था • श्रम ऐन	• नेपालको संविधान • जातीय तथा अन्य सामाजिक भेदभाव छुवाछुत विरुद्धको ऐन • श्रम ऐन • सूची तालिका •	• अवलोकन • प्रश्नोत्तर • छलफल • प्रदर्शन	• नेपालको संविधान२०७२ मा समानता र सामाजिक न्याएको विषयमा कुन कुन धारामा के कुरा उल्लेख गरिएको छ भन्न लगाउने • जातिय छुवाछुत तथा भेदभाव गरेपछि कस्तो कारवाही वा सजाय हुन्छ भन्न लगाउने • एउटै काममा महिला र पुरुषलाई फरक फरक ज्याल दिएमा के कस्तो कारबाही हुन्छ भन्न लगाउने		१२
८	• सामाजिक समानता, सामाजिक न्यायका	• सामाजिक समानता र	• चित्र • फोटा	• विद्यार्थीहरुलाई सरकार , नागरीक समाज र नागरीक	• सामाजिक न्याय र समानताका लागि सरकारले		१२

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
	लागि सरकार, सामाजिक संघसंस्थाहरुको भूमिकावारे वताउन	न्यायका लागि • सरकारको भूमिका • सामाजिक संघसंस्थाको भुमिका • नागरीकको भूमिका	• भिडियो • सूची तालिका	समूहमा विभाजन गरी सामाजिक समानता र सामाजिक न्यायका लागि उनीहरुको भुमिकाको विषयमा समूहछलफल गरी अभिनय गर्न लगाउने र शिक्षकले उनीहरुले प्रदर्शन गरेको अभिनयमा प्रकट भएको भुमिकालाई हेरी र चित्र,फोटा भिडियो र सूचि तालिका प्रदर्शन गरी थप प्रष्ट पार्ने	गर्ने कुनै ४ वटा काम भन्न लगाउने • सामाजिक न्याय र समानताका लागि नागरीकले गर्ने कुनै ४ वटा काम भन्न लगाउने • सामाजिक न्याय र समानताका लागि सामाजिक संघसंस्थाले गर्ने कुनै ४ वटा काम भन्न लगाउने		

३.४.२५ बिषय क्षेत्र नं ९ सडक सुरक्षा र ट्राफिक जानकारी कक्षा **(१-३)**

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिपहरु	पाठ्य घण्टा
१	व्यक्तिगत सुरक्षा र आत्म रक्षाको अर्थ वताउन सक्ने	• व्यक्तिगत सुरक्षा र आत्म रक्षाको परिचय	• नक्सा • पोष्टर • फोटा	• प्रदर्शन • अवलोकन • छलफल	• जोडा मिलाउने अभ्यास गराउने • प्रनोत्तर गर्ने	स्वतन्त्र सिकाइ,लचकता र अनुकूलनता (S2.6),	१४
२	व्यक्तिगत सुरक्षा र आत्म रक्षा हुने र	• सुरक्षित हुने स्थान • असुरक्षित हुने स्थान	• चित्र • फोटा	• प्रदर्शन • प्रश्नोत्तर	• प्रनोत्तर गर्ने • ठाउँको चित्रमा चिन्न लगाउन लगाउने	समालोचनात्मक सोचाइ सिप (S1.4)	१४

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिपहरु	पाठ्य घण्टा
	नहुने ठाउँको नाम वताउन		• पोष्टर • तालिका	• अवलोकन			
३	व्यक्तिगत सुरक्षा र आत्मरक्षाका लागि ध्यान दिनु पर्ने कुरा वताउन	• व्यक्तिगत सुरक्षामा ध्यान दिनु पर्ने कुराहरु • आत्मरक्षाका लागि ध्यान दिनु पर्न कुराहरु	• चित्र • फोटा • पोष्टर • तालिका	• प्रदर्शन • अवलोकन • छलफल • प्रश्नोत्तर	• प्रनोत्तर गर्ने • ठिक वेठीक चिह्न लगाउन लगाउने	सञ्चार (S3.1), सक्रियतापूर्वक सुन्ने (S3.4)	१४

३.४.२६ बिषय क्षेत्र नं ९ सडक सुरक्षा र ट्राफिक जानकारी कक्षा (४-५)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिपहरु	पाठ्य घण्टा
४	व्यक्तिगत सुरक्षा र आत्मरक्षा गर्ने तरिका र समुदायस्तरमा गरिएका प्रयासहरु	• व्यक्तिगत सुरक्षा र आत्मरक्षाका तरिका • व्यक्तिगत सुरक्षा र आत्मरक्षाका लागि समुदायस्तरका अभ्यासहरु	• फोटा • पोष्टर • तालिका	• प्रदर्शन • प्रश्नोत्तर • अवलोकन	• ठिक उत्तर भन्ने खेल खेलाउने		१०
५	आत्मरक्षा र व्यक्तिगत सुरक्षाका शारीरिक प्रतिरोधका लागि तेक्वान्दो सामान्य अभ्यास	• तेक्वान्दोका सामान्य नियम • तेक्वान्दोको अभ्यास	• फोटा • चित्र • भिडियो	• प्रदर्शन • अवलोकन • छलफल	• प्रनोत्तर गर्ने • जोडा मिलाउने अभ्यास गराउने • ठीक वेठिक छुट्याउन लगाउने		१०

३.४.२७ बिषय क्षेत्र नं ९ सडक सुरक्षा र ट्राफिक जानकारी कक्षा (६-८)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिपहरु	पाठ्य घण्टा
६	व्यक्तिगत सुरक्षा र आत्म रक्षाका लागि पौडी खेल्ने,लठ्ठी खेल्ने, रुख चर्ने अभ्यास	व्यक्तिगत सुरक्षा र आत्म रक्षाका लागि पौडी, लठ्ठी र रुख चर्ने अभ्यास	• फोटा • चित्र • भिडियो	• प्रदर्शन • प्रश्नोत्तर • अवलोकन • छलफल • प्रयोगात्मक	प्रदर्शन गर्न लगाउने प्रश्नोत्तर गर्ने		१२
७	व्यक्तिगत सुरक्षा र आत्मरक्षाका सन्दर्भमा भएका कानूनी प्रावधानबारे वताउन	व्यक्तिगत सुरक्षा र आत्मरक्षाका सन्दर्भमा भएका कानूनी प्रावधान	• फोटा • चित्र • भिडियो	• प्रदर्शन • प्रश्नोत्तर • अवलोकन • छलफल	• प्रश्नोत्तर गर्ने		१२
८	व्यक्तिगत सुरक्षा र आत्म रक्षाका लागि सरकार,नागरीक र सामाजिक संघसंस्थाको भूमिकावारे वताउन	व्यक्तिगत सुरक्षा र आत्म रक्षाका लागि सरकार,नागरीक र सामाजिक संघ संस्थाको भुमिका	• चार्ट • भिडीओ • पोष्टर	• प्रदर्शन • प्रश्नोत्तर • अवलोकन	• प्रनोत्तर गर्ने		१२

३.४.२८ बिषय क्षेत्र नं १० वन, बातावरण संरक्षण तथा सरसफाइ कक्षा (१-३)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
१	• स्थानीय बनको परिचय ,व्यक्तिगत र घर आगन को सरसफाई र फोहर राख्ने ठाउँको पहिचान गर्न सक्ने	• स्थानीय बन को परिचय • ,व्यक्तिगत र घर आगनको सरसफाई • फोहर राख्ने ठाउँको पहिचान	• चित्र • फोटा • भिडीओ	• प्रदर्शन • छलफल • प्रश्नोत्तर • अवलोकन	• आफ्नो नजिक भएको वनको नाम भन्न लगाउने • विद्यार्थीहरुको सरफाईको अवलोकन गर्न लगाउने • तिमी फोहोर कुन कुन ठाउँमा राख्छौ भन्न लगाउने	सिकाइ सिप (S1.2) , बातावरण प्रतिको सजगता र सम्मा (S5.4)	१५
२	• वन जंगल भएका ठाउँ र नभएका ठाउँ पहिचान,टोल छिमेकको फोहर राख्ने ठाउँ पहिचान गर्नु	• वन जंगल भएका ठाउँ र नभएका ठाउँ पहिचान, • टोल छिमेकको फोहर राख्ने ठाउँ पहिचान	• चित्र • फोटा • भिडीओ •	• प्रदर्शन • छलफल • प्रश्नोत्तर • अवलोकन	• आफ्नो छिमेकमा वनजङ्गल कुन ठाउँमा छ भन्न लगाउने आफ्नो घर ऽटोलछिमेकमा भएको फोहोर कहाँ राख्नु पर्छ भन्न लगाउने	स्वतन्त्र सिकाइ,लचकता र अनुकूलनता (S2.6), बातावरण प्रतिको सहगता र सम्मान (S5.4)	१५
३	• वनजंगल बाट पाइने चिज बस्तु पहिचान, वरपरका कुहिने र नकुहिने वस्तु पहिचान गर्नु	• वनजंगल बाट पाइने चिज बस्तु पहिचान, • वरपरका कुहिने र नकुहिने वस्तु पहिचान	• चित्र • फोटा • भिडीओ •	• प्रदर्शन • छलफल • प्रश्नोत्तर • अवलोकन	• आफ्नो नजिकैको वनजङ्गलमा कुन कुन वस्नु पाउँछ भन्न लगाउने कुहिने वस्तुहरु के के हुन भन • नकुहिने वस्तुहरु के के हुन भन्न लगाउने	स्वतन्त्र सिकाइ,लचकता र अनुकूलनता (S2.6), बातावरण प्रतिको सहगता र सम्मान (S5.4)	१५

३.४.२९ बिषय क्षेत्र नं १० वन,बातावरण संरक्षण तथा सरसफाइ कक्षा (४-५)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
४	• घर आगन तथा टोल मा विरुवा रोप्ने,सरसफाई गर्ने तथा फोहर फाल्ने ठाउँ बनाउने तरिका वताउन	• घर आगन तथा टोल मा विरुवा रोप्ने,सरसफाई गर्ने तथा फोहर फाल्ने ठाउँ बनाउने	• चित्र • फोटा • भिडीओ • विरुवा	• प्रदर्शन • छलफल • प्रश्नोत्तर • अवलोकन • प्रत्यक्ष अभ्यास	• विद्यार्थीलाई कुनै विरुवा रोप्न लगाई मूल्याङ्कन गर्ने • फोहोर मैला राख्ने ठाउँ वनाउने तरिका भन्न लगाउने		१२
५	• वातावरण प्रदुषणको अर्थ र कारण ,वन संरक्षणका फाइदा,विद्यालय र समाजमा फोहर ब्यबस्थापन गर्ने तरिका वताउन	• बातावरण प्रदुषणको अर्थ र कारण • वनसंरक्षणका फाइदाहरु • विद्यालय र समाजमा फोहोर व्यवस्थाप गर्ने तरिका	• चित्र • फोटा • भिडीओ •	• प्रदर्शन • छलफल • प्रश्नोत्तर • अवलोकन	• बातावरण प्रदुषण भन्नाले के हो भन • बातावरण कसरी प्रदुषण हुन्छ भन्न लगाउने • बातावरण संरक्षणका कुनै ५ फाइदा भन्न लगाउने • विद्यालयले फोहोर व्यवस्थापन कसरी गर्नु पर्छ भन्न लगाउने		१२

३.४.३० बिषय क्षेत्र नं १० वन,बातावरण संरक्षण तथा सरसफाइ कक्षा (६-८)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
६	• वृक्षारोपण का तरिका,फोहर ब्यबस्थापन का तरिका र प्रदुषणबाट बच्ने उपायहरु वताउन	• वृक्षारोपणका तरिका,फोहर ब्यबस्थापनका तरिका र प्रदुषणबाट बच्ने उपायहरु	• चित्र • फोटा • भिडीओ	• प्रदर्शन • छलफल • प्रश्नोत्तर • अवलोकन	• वृक्षा रोपणका लागि नमई नहुने कुनै ४ कुरा भन्न लगाउने • फोहोरमैला व्यवस्थापन कसरी गर्न सकिन्छ ? भन्न लगाउने • प्रदुषणबाट वच्ने कुनै ३ उपायहरु भन्न लगाउने		१२
७	• वन जंगल जोगाउने तरिका,पिउनेपानि सुद्ध र सफाई गर्ने तरिका,स्वस्थ खाना र स्वस्थ जीवन बनाउने तरिका वताउन	• वन जंगल जोगाउने तरिका, • पिउने पानि सुद्ध र सफाई गर्ने तरिका, • स्वस्थ खाना र स्वस्थ जीवन बनाउने तरिका	• चित्र • फोटा • भिडीओ	• प्रदर्शन • छलफल • प्रश्नोत्तर • अवलोकन	• हाम्रो नजिकमा भएको वनजङ्गल कसरी वचाउन सकिन्छ भन्न लगाउने • पिउने पानी र भाँडकुडालाई सरसफाइ कसरी गर्नु पर्छ भन्न लगाउने • स्वस्थ खाना र स्वस्थ जोवन जिउने तरिका भन्न लगाउने		
८	• नगरपालिकामा भएका वनको प्रकार र संख्या वताउन • वनजंगल संरक्षण,बातावरण संरक्षण तथा सरसफाई ब्यबस्थापनमा सरकारी, निजी एबम् गैरसरकारी क्षेत्रको भूमिका वताउन	• नगरपालिकामा भएका वनको प्रकार र संख्या • वनजंगल संरक्षण, • बातावरण संरक्षण र सरसफाई ब्यबस्थापनमा सरकारी, निजी एबम गैरसरकारी क्षेत्रको भूमिका	• चित्र • फोटा • भिडीओ	• प्रदर्शन • छलफल • प्रश्नोत्तर • अवलोकन	• वनजंगल,बातावरण संरक्षण र सरसफाइ व्यवस्थापनका लागि मा सरकार गर्नै पर्ने कुनै ५ वटा कामहरु भन्न लगाउने • वनजंगल, बातावरण संरक्षण र सरसफाइ व्यवस्थापनका लागि मा निजी क्षेत्रले गर्नै पर्ने कुनै ३ वटा कामहरु भन्न लगाउने • वनजंगल, बातावरण संरक्षण र सरसफाइ व्यवस्थापनका लागि मा गैरसरकार निकायले गर्नै पर्ने कुनै ५ वटा कामहरु भन्न लगाउने		

३.४.३१ बिषय क्षेत्र नं ११ सूचना प्रविधि तथा आधारभूत सिपविकास कक्षा (१-३)

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
१	• मोबाइल खोल्ने ,चित्र हेर्ने र कानूत चित्रहरु हेर्ने सिपविकास सिपको विकास हुनेछ • रेडियो,टि.भीखोल्न र प्रदर्शन गर्न सक्नेछन् • क्यालकुलेटर, टेलिफोन खोल्न सक्नेछन्	• मोबाइल फोन, मोबाइल खोल्ने सिप, मोबाइल कार्टुन चित्र पहिचान • रेडियो खोल्ने सिप, टेलिफोन, क्यालकुलेटर खोल्ने र अङ्क चिन्ने सिप	• मोबाइल फोनको चित्र • मोबाइल फोन • क्यालकुलेटर • टेलिफोनको चित्र	• चित्र तथा मोबाइल नै देखाउँदै खोल्ने तरिका सिकाउने • एकपटक कार्टुन तस्विर निकालेर पछि उनीहरुलाई खोल्न लगाउने • रेडियो ,क्यालकुलेटरका चित्र वा बास्तविक वस्तु देखाइ खोल्न लगाउने	• अवलोकन • प्रयोगात्मक कार्य पर्दशन • प्रश्नोत्तर	आधारभूत साक्षरता (S4.1)	१६
२	• मोबाइलको फोन, • रेडियो, टि.भीखोल्न र च्यानल खोल्न सक्नु	• मोबाइल फोन, रेडियो, टेलिफोन, कम्प्युटरको परिचय	• मोबाइल फोन • कम्प्युटर • रेडियो र टि.भी •	• मोबाइल ,कम्प्यूटर र सो को चित्र वा पोष्टर देखाउँदैखोल्न लगाउने र ध्यानपूर्वक हेर्न लगाउने	• प्रयोगात्मक कार्य पर्दशन • प्रश्नोत्तर	आधारभूत साक्षरता (S4.1)	१६
३	फोटोकपी मेसिन र प्रिन्टर मेसिन चिन्न र खोल्न सक्नेछन्	• फोटोकपी मेसिन र पिन्टरको परिचय	• फोटोकपीको चित्र • प्रन्टरको चित्र	• चित्र प्रदर्शन गरी फोटोकपी मेसिन , प्रिन्टर चिन्न लगाउने अवलोकन र प्रदर्शनबाट फोटोकपी तथा प्रिन्टर मेसिन खोल्न सिकाउने	• प्रयोग कार्य • अवलोकन • प्रश्नोत्तर	आधारभूत साक्षरता (S4.1), प्राविधिक साक्षरता (S4.2)	१६

३.४.३२ बिषय क्षेत्र नं ११ सूचना प्र**विधि** तथा आधारभूत सिपविकास कक्षा **(४-५)**

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
४	• कम्प्युटरका बाहिरी भागहरुको नाम, मनिटरको नाम, भागहरुको नाम र प्रयोग थाहापाउनु हुनेछ • फोटोकपी मेसिन र प्रिन्टरका बाहिरी भागहरुको नाम र काम थाहपाउने छन्	• कम्प्युटरका बाहिरी खण्ड • मनिटर परिचय • फोटोकपी र प्रिन्टर मेसिनको परिचय	• कम्प्यूटर,मनिटर, फोटोकपी र प्रिन्टरको तस्विर र बाहिरी भागको चित्र •	• कम्प्युटर , मनिटर,प्रिन्टर,फोटोकपी को तस्विर प्रदर्शन गरी विभिन्न बाहिरी भाग चिनाउनु	• कम्प्युटरका कुनै ४ वटा बाहिरी भागको नाम भन्न लगाउने • प्रिन्टर,फोटोकपी मेसिनका भागहरु प्रदर्शन गरी चिनाउने नाम सोध्ने		१४
५	• कम्प्युटरमा फाइल खोल्न , सेभ गर्न, फोल्डर वनाउन सक्नेछन् • फोटोकपी गर्न र प्रिन्ट गर्न सक्नेछन्	• कम्प्युटर, फोटोकपी , प्रिन्टरको परिचय र प्रयोग	• कम्प्युटर फोटोकपी र प्रिन्टरका चित्र	• कम्प्यूटर , प्रिन्टर,फोटोकपी प्रदर्शन गर्दै फाइल खोल्न,फोल्डर बनाउन प्रिन्ट गर्न सिकाउने	• कम्प्युटरमा फाइल कसरी खोलिन्छ भनी प्रश्न गर्ने र प्रयोग गर्न लगाई अवलोकन गर्ने • फोल्डर वनाउने तरिका वताउ भनी प्रश्न गर्ने र प्रयोग गर्न लगाई		१४

क्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
					अवलोकन गर्ने • प्रिन्ट कसरी गर्न सकिन्छ भनी प्रश्न गर्ने र प्रयोग गर्न लगाई अवलोकन गर्ने		

३.४.३३ बिषय क्षेत्र नं ११ सूचना प्र**विधि** तथा आधारभूत सिपविकास कक्षा **(६-८)**

क्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
६	• कम्प्युटर,फोटोकपी र प्रिन्टर खोलने चलाउने आधारभूत सिप बताउनु • साइकल,मोटर साइकलका भाग वताउन र सामान्य मर्मत गर्न सक्नु	• कम्प्युटर , फोटोकपी र प्रिन्टर चलाउने तरिका • साइकल ,मोटर साइकलका पार्टकहरुको पहिचान र मर्मत सम्भार	• कम्प्युटर, प्रिन्टर , फोटोकपी मेसीनका चित्र , • साइकल, मोटर साइकलका भागहरुको चित्र,फोटा र भिडियो सामाग्री	• फोटोकपी ,प्रिन्टर मेसिनहरु र कम्प्युटरको चित्र प्रदर्शन र अवलोकनबाट चलाउने सिप तरीका सिकाउने • साइकल, मोटरसाइकलका चित्र देखाउँदैयसका पार्टपुर्जाहरुको परिचय	• अवलोकन बाट • सिपप्रदर्शन बाट • पर्योगात्मका कार्य बाट		१४

कक्षा	सिकाइ उपलब्धि	विषय विस्तृतीकरण	शिक्षण सामाग्री	सिकाई क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	व्यवहार कुशल सिप	पाठ्य घण्टा
				गराउने र जोड्न सिकाउने			
७	• कम्प्युटरटाइप गर्ने तरिका ,सम्बन्धि फायल खोल्ने प्रिन्टरबाट प्रिन्ट निकाल्ने, र फोटोकपी गर्ने आधारभूत तरिका बताउन सक्नेछन् • घरका धाराकोपाइप ,धाराको टुटी जडान गर्न सक्नेछन्	• कम्प्युटर टाइपिङ्ग,प्रिन्ट र फोटोकपीका तरिका • धारा ,पाइप जडान र मर्मत सम्भार गर्न	• चित्र • फोटा • भिडियो	• प्रदर्शन र प्रयोगबाट कम्प्युटर,प्रिन्टर र फोटोकपीका कार्य सिकाउने • अवलोकन गराउदै धारा,पाइम मर्मत र जडान गर्न सिकाउने	• प्रश्नोत्तर • छलफल • प्रयोगात्मक कार्य		१४
८	• कम्प्युटर बाट अक्षर टाइप गर्ने, प्रिन्टरबाट प्रिन्ट र फोटोकपी गर्न सक्नेछन् • सामान्य विद्युतीय कार्य गर्न सक्नेछन्	• कम्प्युटर टाइपिङ्ग,प्रिन्ट र फोटोकपीका तरिका • फोटोकपी मेसिनमा कार्टेज खाल्ने, मसी राख्ने तरिका • विद्युतीय कार्यहरु पङ्खा जडान,फ्यूज राख्ने, वल्व राख्ने आदि गर्ने	• चित्र • फोटो • तालिका	• चित्र तथा तस्विर प्रदर्शन र प्रयोगात्मक कार्यबाट सिकाउने	• प्रश्नोत्तर • छलफल • प्रयोगात्मक कार्य		१४

३.५ सिकाइ सहजीकरण **विधि** तथा प्रक्रिया:- अपेक्षित सक्षमता, सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सृजना गरी शिक्षक, विद्यार्थी र विषयवस्तु विच सक्रिय अन्तरकृया गर्ने विधि वा प्रक्रियानै सिकाइ सहजिकरण हो । यस गुर्भाकोट परिचय पाठ्यक्रमले आधारभूत तह (कक्षा १-८) निर्धारण गरेका सक्षमताहरु

पुरा गर्नका लागि विभिन्न विधि तथा उपायहरु प्रयोग गरीन्छन् । एकै किसिमको सिकाइ सहजीकरण विधि सबै तिर उपयुक्त नहुने भएकाले यस गुर्भाकोट नगरपालिकाको हाम्रो गुर्भाकोट नामक स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारको सिकाइ सहजीकरण विधि तयार गरिएको छ ।

१ प्रयोगात्मक **विधि** :- Learning by doing लाई आत्मसाथ गर्दै शिक्षकहरुले प्रयोगात्मक विधिलाई सहजीकरणका क्रममा अपनाउनु पर्ने छ ।

२ अवलोकन र परियोजना **विधि** :- विद्यार्थीहरुलाई एकल वा समूहमा विभिन्न स्थानहरु, पर्यटकीय स्थान, धार्मिक स्थलहरुमा अवलोकन गराइ त्यसको वारेमा उनीहरुबाट लिखित वा अलिखितरुपमा प्रतिवेदन प्रस्तुत गर्न लगाउने

३ प्रस्नोत्तर विधि :- विषयवस्तुको परिधीभित्र रहेर शिक्षक विद्यार्थी वीच वा विद्यार्थी विद्यार्थी विचमा प्रश्नोत्तर विधिको उपयोग गरी सहजिकरण गर्ने

४ प्रदर्शन विधि :- विषयवस्तुको केन्द्रमा रहेर विद्यार्थीहरुलाई ज्ञान , सिपर धारणा विकास हुने गरी प्रदर्शन विधिको प्रयोग गरी सहजीकरण गर्नु पर्ने छ

५ क्षेत्रभ्रमण विधि :- कक्षाकोठा बाहिर रहेका वस्तुहरूको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तैः धार्मिक स्थल, वन, पोखरी, ताल, खेती, पशु पालन आदि ।

६. कथाकथन विधि :- विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै :- धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ ।

७. मस्तिष्क मन्थन विधि :- विद्यार्थीहरुलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो । यसका निम्न चरणहरु रहेका छन् ।

I. प्रथम चरण :- सम्पूर्ण कक्षालाई मस्तिष्क मन्थनका बारेमा जानकारी गराउने
II. दोस्रो चरण :- समस्या बुझिने गरी बताउने
III. तेस्रो चरण :- निश्चित समय तोकेर विद्यार्थीहरुलाई समस्या समाधान गर्न लगाउने
IV. चौथो चरण :- समस्या समाधानका उपायहरु बताउन विद्यार्थीहरुलाई प्रेरित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, थप कुरा राख्न भन्ने
V. पाँचौ चरण:- उनीहरले भनेका कुरा टिप्ने
VI. छैटौं चरण :- अन्त्यमा विद्यार्थीलाई एक्ला एक्लै वा समूहमा विचार मन्थन गर्न लगाउने

८. सोधखोज विधि :- विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ ।

९. छलफल विधि :- कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रूपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरीन्छ । जस्तै : सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरू , धार्मिक सम्पदानको संरक्षणका उपायहरू , आदि ।

१०. जिग्सअ **(JIGSAW)** विधि :- जिग्सअ (JIGSAW) विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नविन चिन्तनको रुपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृ समूह रहन्छ । विज्ञ समूह मातृसमूह र मातृसमूह विज्ञसमूह भएर आफ्ना सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाईका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रिया र चरण यस प्रकार छन् ।

I. प्रथम चरण :- शिक्षकले विज्ञ समूहका लागि प्रश्न सेट तयारी गर्नु पर्दछ । जति विज्ञ समूह हन्छ, त्यति नै प्रश्न सेट तयारी गर्नु पर्दछ । प्रश्न बनाउँदा तोकिएको पाठ्याँशबाट बनाइन्छ ।
II. दोस्रो चरण :- शिक्षकले ४।५ जनाको मातृ समूह बनाई विद्यार्थीलाई मातृ समूहमा बस्न लगाउने एक आपसमा घुलमिल हुने र सौहार्दपूर्ण व्यावहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने
III. तेस्रो चरण :- शिक्षकले मातृसमूहका विद्यार्थीहरुलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृसमूहका कम्तिमा एक÷एक जनालाई विज्ञसमूहमा नेताकोछनोट गर्ने
IV. चौँथो चरण :- शिक्षकले प्रत्येक समूहलाई आफ्नो समूहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञ समूहमा रहरे प्राप्त गरको सूचना मातृ समूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।
V. पाँचौ चरण :- विज्ञ समूहमा रहेर आर्जन गरको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समय भित्र छलफल गरी टुङ्गोमा पुग्ने र आफ्नो विज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा प्रश्नोत्तर र छलफलले विशेष प्राथमिकता पाउने ।

११. अन्तरक्रियात्मक बिधि :- यसमा छलफलकोयोजना र तयारी, समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१२. अन्वेषण विधि :- विद्यार्थी आफैले सोधखोज गरी ज्ञान निर्माण गर्न लगाईन्छ । विद्यार्थीहरुले अनुसन्धानबाट नयाँ तथ्य र जानकारी प्राप्त गर्दछन् जसले वैज्ञानिक र अनुसन्धानात्मक अभिवृत्तिको विकास हुन्छ ।

१३. भूमिका निर्वाह :- कुनै पात्र वा विषयवस्तुका बारेमा भूमिका निर्वाह गर्न लगाईन्छ ।

१४. आगमन विधि :- केही विशिष्ट उदाहरणको अवलोकन गरी त्यसमा देखिएको ढाँचा (Pattern) हेरेर सवैलाई मान्य हुने गरी निष्कर्ष निकाल्ने वा सामान्यीकरण (Generalization) गरीन्छ ।

१५. निगमन विधि :- हामीले स्वीकार गरेका मान्यतालाई, तथ्य र तर्कका आधारमा प्रमाणित गरी निष्कर्षमा पुगिन्छ । यस विधिलेपुराना मान्यताको आधार र वैज्ञानिकता जाँच गर्दछ ।

१६. प्रविधियुक्त विधि :- आधुनिक प्रविधिको प्रयोग गरी सिकाई कार्य सहजीकरण गरीन्छ ।

३.६ विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यार्थी मूल्याङ्कन निम्न विधि र प्रक्रियाका आधारमा गरिनेछ ।

१. आधारभूत तह (कक्षा १—३) मा निर्माणात्मक पद्धतिका आधारमा विद्यार्थीको सिकाई उपलब्धिको मूल्याङ्कन गरिनेछ भने (कक्षा ४—८) मा ५० % ,आन्तरिक र ५० % अन्तिम परीक्षाका आधारमा मूल्याङ्कन गर्नुपर्ने छ ।

२. आधारभूत तह (कक्षा १—३) का विद्यार्थीहरुको मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न शिक्षकले विद्यार्थीको व्यक्तिगत प्रगति विवरण सञ्चय गरी राख्नुपर्छ । यसलाई विद्यार्थीको कक्षा कार्य, सिकाइ कृयाककलापमा सहभागिता, परियोजना कार्य,सिजर्नात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यवहार परिवर्तनको अवलोकन आदिका माध्यमले अद्यावधिक गर्नुपर्ने छ । विद्यार्थीको उपलब्धिका बारेमा आवधिक रूपमा विद्यालयमा छलफल गर्ने व्यवस्था गरी र विद्यार्थीको सिकाइ सुधारका लागि आवश्यक प्रवन्ध गर्नुपर्ने छ । प्रत्येक विद्यार्थीको व्यक्तिगत प्रगति विवरण सञ्चित अभिलेख फाइलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

३. कक्षा १—३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नती गरिनेछ । सिकाइ उपलब्धिलाई “क”, “ख”, “ग” गरी ३ श्रेणीमा विभाजन गरी मूल्याङ्कन गर्नु पर्दछ ।

४. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि मूल्याङ्कनको स्पष्ट खाका र निर्देशन (Rubrics) र प्रयोगात्मक प्रश्नपत्र वा मूल्याङ्कन योजनाका आधारमा गरिनेछ ।

५. कक्षा ४—८ को अन्तिम परीक्षाको मूल्याङ्कन प्रश्नावली निर्माण गर्दा विशिष्टीकरण तालिका (Specification Grid) को प्रयोग गर्नु पर्नेछ ।

६. कक्षा ४—८ को आन्तरिक मूल्याङ्कन (५०%) निम्न आधारमा गरिनेछ ।

अङ्क	मूल्याङ्कनका पक्षहरु	अङ्क भार
१	सहभागिता	४
२	प्रयोगात्मक परियोजना	३६
	क. प्रयोगात्मक तथा परियोजना कार्यको तयारी योजना	६
	ख. प्रयोगात्मक तथा परियोजना कार्य संचालन र र प्रतिवेदन चार्ट तयारी चित्र तालिका तयारी र अभिलेखिकरण	२०
	ग. परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतिकरण	६
	घ. अन्तरवार्ता	४
३	त्रैमासिका परीक्षा	१०
	जम्मा	५०

(निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।)

द्रष्टव्य :-

- सहभागिता अन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन् ।

- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ । उक्त भार अनुसार नै अक्षराङ्कन पद्धति अनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिन सकिने छ ।
- त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको १० प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।
- त्रैमासिक परीक्षामा सुरु देखि पठन पाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ ।
- एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ ।
- वार्षिक रूपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार (सहभागिता ४, परियोजना कार्य, प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुट्टै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड पोइन्ट (Grade Point Average-GPA) कायम हुने गरी ग्रेड सिट तयार गर्नु पर्ने छ ।

८. आधारभूत तहको अन्त्यमा (कक्षा ८) लिइने परीक्षाको मूल्याङ्कन स्थानीय तह अन्तर्गत आधारभूत तह उत्तीर्ण परीक्षाको मूल्याङ्कन प्रक्रियाको आधारमा गरिनेछ ।

३.७ आन्तरिक मूल्यांकनका सम्भाव्य बिधि र साधनहरु :-

क्र सं	बिधि	साधनहरु
१	अवलोकन	रुजु सूची,घटनावृत अभिलेख,श्रेणी मापनि,रुब्रिक
२	मौखिक कार्य	प्रश्न, चित्र अवलोकन,घटना अध्ययन,सामग्री पर्दशन,अडियो भिडियो पर्दशन
३	लिखित कार्य	प्रश्नउत्तर,पाठ्यवस्तु लेखन,चित्र कथा लेखन
४	परियोजना तथा प्रयोग कार्य	प्रश्न सहित उत्तर भर्ने फारम,रुजु सूची,प्रतिबेदन लेखन ढाँचा
५	प्रशर्शन /प्रस्तुतीकरण	प्रश्नोत्तर फारम, रुजुसूची फारम, प्रतिबेदन ढाँचा, चित्र तथा अन्य कार्यको पर्दशन नमुना
६	सहपाठी मूल्याङ्कन	सहपाठी अवलोकन फारम,रुजुसूची,श्रेणी मापन
७	स्व: मूल्याङ्कन	रुजुसूची,घटना अभिलेख,स्व मूल्याङ्कन फारम
८	अभिभावक,शिक्षक,प्र.अ.को राय	रुजुसूची, श्रेणी मापन

३.८ क्षेत्रगत उपलब्धि गणना र व्याख्या

क्र सं	उपलब्धि स्तर	अङ्क	व्याख्या
१	उच्च	४	आफ्नो तह भन्दा माथिको उपलब्धि
२	राम्रो	३	तोकिएका सबै सिकाइ उपलब्धि प्राप्त
३	सामान्य	२	तोकिएका सिकाइ उपलब्धिमा आंशिक सफलता
४	कमजोर	१	तोकिएका सिकाइ उपलब्धि प्राप्त गर्न असफल

नोट :- सामान्यतया सबै विद्यार्थीहरुलाई राम्रो(३) स्तरमा पुर्याउन सुधारात्मक सिकेको तरिका अपनाउनु पर्छ अनि मात्र ३ स्तरमा पुर्याएर मात्र कक्षा उन्नती गर्नु पर्छ /

३.९ पाठ्यक्रम कार्यान्वयन प्रक्रिया :-

पाठ्यक्रम भनेको शिक्षा प्रणालीको सशक्त कार्ययोजना हो । कुनै पनि योजना निर्माण भइसकेपछि त्यसलाई कार्यान्वयन गरिन्छ । पाठ्यक्रम प्रयोगको कार्यथलो कक्षाकोठा र विद्यालय हो । पाठ्यक्रमले निर्धारण गरेको अपेक्षित उद्देश्य प्राप्त गर्नका लागि पाठ्यक्रमले निर्दिष्ट गरेको विषयवस्तुलाई माध्यम बनाएर पाठ्यक्रमले निर्दिष्ट गरे अनुसार क्रियाकलाप अपनाएर त्यसको प्रयोग कक्षा कोठामा गरिन्छ । पाठ्यक्रममा जतिसुकै राम्रा र सुन्दर उद्येश्य राखेर त्यस अनुसार पाठ्यवस्तुको छनौट र संगठन गरिए पनि विद्यार्थीले सहि रुपमा ग्रहण गर्न सकेनन् भने त्यसको कुनै औचित्य हुदैन । त्यसैले यस स्थानीय पाठ्यक्रमको कार्यन्वयनमा शिक्षक र प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुनेछ । पाठ्यक्रम कार्यान्वयनकर्ता तथा सरोकारवालाहरुवाट प्राप्त पृष्ठपोषणका आधारमा यस पाठ्यक्रमको पुनरावलोकन र परिमार्जन हुने छ ।

अनुसूची १

पाठ्यघण्टी र अन्तिम परीक्षाका लागि अङ्क विभाजन तालिका

क्र सं	बिषय क्षेत्र	कक्षा १-३		कक्षा ४-५		कक्षा ६-८	
		पाठ्यघण्टी	अङ्क भार	पाठ्यघण्टी	अङ्क भार	पाठ्यघण्टी	अङ्क भार
१	गुर्भाकोट नगरपालिका सेरोफेरो	१३	आन्तरिक मुल्याङ्कन	१०	३	८	३
२	हाम्रो जातजाति, धर्म भाषा र संस्कृती	१७		१०	४	१२	४
३	भोगोलिक, प्राकृतिक श्रोतसाधान र पर्यटकीय क्षेत्रको पहिचान,प्रयोग र प्रभाव	१२		१२	४	११	४
४	स्थानीय जडवुटी पहिचान र प्रयोग आयुर्वेद र योग	१६		१२	४	१३	४
५	स्थानीय कला, सिप, व्यवसाय विकास र बजारीकरण	१४		१२	५	१२	५
६	कृषितथा पशुपालन	१८		१४	५	११	५
७	बिपद जोखिम व्यवस्थापन	१५		१२	५	११	५
८	सामाजिक समानता र न्याय	१०		१०	५	१२	५
९	व्यक्तिगत सुरक्षा र आत्म रक्षा	१४		१०	५	१२	५
१०	वन,वातावरण संरक्षण तथा सरसफाई	१५		१२	५	१२	५
११	सूचना प्रविधि तथा आधारभूत सिपविकास	१६		१४	५	१४	५
	जम्मा	१६०		१२८	५०	१२८	५०